
## बाल सामाजिक तथा वित्तीय शिक्षा

# विद्यार्थी सिकाइ सामग्री

## शिक्षक निर्देशिका



प्रकाशक : **समुन्नत नेपाल**
एकतामार्ग, अनामनगर, काठमाडौँ

© सर्वाधिकार प्रकाशकमा

प्रथम संस्करण : २०७१

सहयोग : **युनिसेफ नेपाल**

नेपाल सरकार
शिक्षा मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
(..........................................शाखा/एकाइ)

फोन नं. ६६३०५८८
६६३४११९
६६३००८८
फ्याक्स : ६६३०७९७

सानोठिमी, भक्तपुर
Email: info@moescdc.gov.np
www.moescdc.gov.np

प. सं.
च. नं ........................

२०७१ माघ २१

# मन्तव्य

शिक्षा मन्त्रालय, शिक्षा विभाग, पाठ्यक्रम विकास केन्द्र, शैक्षिक जनशक्ति विकास केन्द्र तथा अन्य निकायहरूसँगको सहकार्यमा **'बाल सामाजिक तथा वित्तीय शिक्षा'** कार्यक्रम परीक्षणका रूपमा समुन्नत नेपालले सञ्चालन गरिरहेको छ ।

पाठ्यक्रम विकास केन्द्रले विद्यमान कक्षा ९ को परिमार्जित पाठ्यक्रममा बाल सामाजिक तथा वित्तीय शिक्षा सम्बन्धी विषयवस्तुहरू समावेश गरिसकेको छ । परीक्षणका रूपमा सङ्खुवासभा, लम्जुङ, रौतहट, सुर्खेत र डोटी जिल्लाका ३/३ ओटा गरी १५ ओटा माध्यमिक विद्यालय र सोही जिल्लाका १/१ ओटा गरी ५ ओटा खुला विद्यालय समेतमा बाल सामाजिक तथा वित्तीय शिक्षाका विषयवस्तुहरू चालु शैक्षिक सत्रमा कक्षा ९ र आगामी शैक्षिक सत्रमा कक्षा १० मा अध्यापन गराउन **'विद्यार्थी सिकाइ सामग्री'** र **'शिक्षक निर्देशिका'** तयार पारिएको छ ।

उक्त सामग्री तथा निर्देशिका तयार गर्दा यस सम्बन्धी अन्तर्राष्ट्रिय अभ्यास र हाम्रो सन्दर्भलाईसमेत समायोजन गर्दै ५ ओटा मुख्य विषयवस्तुलाई १३ ओटा क्षेत्रहरूमा विभाजन गरी तयार पारिएको छ । **विद्यार्थी सिकाइ सामग्री**मा राखिएका विषयवस्तुहरूलाई विद्यार्थी केन्द्रित क्रियाकलापका माध्यमबाट सिकाउने गरी तयार गरिएकाले विद्यार्थीहरूलाई बढी उपयोगी हुने ठानेको छु । यस्तै विद्यार्थी सिकाइ सामग्रीलाईको प्रयोगमा सहजीकरण गर्न सहयोग पुग्ने गरी **शिक्षक निर्देशिका** पनि तयार गरिएको छ ।

अन्त्यमा, यो बाल सामाजिक तथा वित्तीय शिक्षा सम्बन्धी विषय वस्तुलाई आधारभूत तहदेखि नै पठन पाठन गर्ने सम्बन्धमा आवश्यक निर्णय गर्न यसको परीक्षणको नतिजाले मद्दत पुर्‍याउने छ भन्ने अशा गरेको छु । विद्यार्थी सिकाइ सामग्री र शिक्षक निर्देशिका निर्माणको क्रममा पाठ्यक्रम विकास केन्द्रसँग समन्वय गरी प्राविधिक सहयोग जुटाएर यस रूपमा ल्याउन गरिएको प्रयत्न र व्यवस्थापनप्रति युनिसेफ नेपाल र समुन्नत नेपाललाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु । दुवै सामग्री तयार गर्नका लागि योगदान गर्नुहुने यस केन्द्र र समुन्नत नेपालका विज्ञहरूलाई धन्यवाद दिन चाहन्छु ।

दिवाकर ढुङ्गेल
कार्यकारी निर्देशक

# हाम्रो भनाइ

अहिले विश्वव्यापी रूपमा सामाजिक तथा वित्तीय शिक्षाको आवश्यकता अनुभव गरिएको छ । यसैलाई परिपूर्ति गर्न धेरै जसो देशहरूले आधारभूत तहदेखि नै सामाजिक तथा वित्तीय शिक्षालाई समायोजन गरिसकेका छन् । हाम्रो देशले पनि खासगरी माध्यमिक तहको कक्षा ९ र १० मा यस सम्बन्धी पाठ्यक्रम, पाठ्यपुस्तकको अन्तर पहिचान (Gap analysis) गरी विद्यमान कक्षा ९ को परिमार्जित पाठ्यक्रममा समावेश गरिसकेको छ । त्यही पाठ्यक्रमको कार्यान्वयनलाई सहयोग पुगोस् भन्ने हेतुले चालु शैक्षिक सत्रको बाँकी अवधिसम्मका लागि कक्षा ९ र आगामी शैक्षिक सत्रमा तिनै विद्यार्थीका लागि कक्षा १० मा खासगरी सामाजिक विषयसँग सम्बन्धित गरेर सामाजिक तथा वित्तीय शिक्षा अध्यापन गराउने गरी यो विद्यार्थी सिकाइ सामग्री र शिक्षक निर्देशिका तयार पारिएको हो ।

प्रस्तुत सामग्री चालु शैक्षिक सत्रबाट सुरु भई आगामी शैक्षिक सत्रसम्म परीक्षणका रूपमा संखुवासभा, लम्जुङ, रौतहट, सुर्खेत र डोटी जिल्लाका ३/३ ओटा गरी १५ ओटा माध्यमिक विद्यालय र सोही जिल्लाका १/१ ओटा गरी ५ ओटा खुल्ला विद्यालयमा गर्न लागिएको हो । यसका लागि नेपाल सरकार शिक्षा मन्त्रालय, शिक्षा विभाग, पाठ्यक्रम विकास केन्द्र, अनौपचारिक शिक्षा केन्द्र, शैक्षिक जनशक्ति विकास केन्द्रको प्रत्यक्ष सहयोग तथा निर्देशनमा सम्बन्धित जिल्ला शिक्षा कार्यालयमार्फत विद्यालयहरूमा कार्यान्वयन गर्दै यसको विस्तार (Scale up) का लागि प्रयास गरिने छ । युनिसेफ नेपालको आर्थिक तथा समुन्नत नेपालको प्राविधिक सहयोगमा यो कार्यक्रम परीक्षणका रूपमा सञ्चालन गर्न लागिएको हो ।

प्रस्तुत विद्यार्थी सिकाइ सामग्री र त्यसको शिक्षक निर्देशिका पाठ्यक्रम विकास केन्द्रको संलग्नतामा तयार गरिएको हो । यसमा सामाजिक तथा वित्तीय शिक्षा सम्बन्धी अन्तर्राष्ट्रिय अभ्यास र हाम्रो सदर्भलाई समायोजन गर्दै मुख्य ५ ओटा विषयवस्तु अन्तर्गत १३ ओटा क्षेत्रहरू राखिएका छन् । यसलाई खासगरी सामाजिक अध्ययन र स्वास्थ्य विषयसँग समायोजन गर्न खोजिएको भए तापनि एकीकृत र Cross cutting सवालका रूपमा अन्य सम्बन्धित विषयहरूसँग पनि समायोजन गरेर सिकाउन सकिन्छ भन्ने अभिप्रायले तयार गरिएको हो ।

विद्यार्थी सिकाइ सामग्रीलाई विद्यार्थी स्वयम्ले क्रियाकलाप गर्दै अभ्यास गर्न सक्ने गरी तयार गरिएको छ । यसका लागि शिक्षकले विषयवस्तुको विस्तृतीकरण र सहजीकरण गर्न सहयोग पुगोस् भनेर शिक्षक निर्देशिका पनि तयार पारिएको छ । विद्यार्थीहरूलाई जीवन्त सिकाइ वातावरण तयार गर्न सकियोस् भनेरै क्रियाकलापहरू प्रयोगात्मक, अभ्यासमुखी र व्यवहारिक बनाउन खोजिएको छ ।

प्रस्तुत सामग्री विकास गर्ने क्रममा पाठ्यक्रम विकास केन्द्रका विशेषज्ञ द्वय टुकराज अधिकारी र हेमराज खतिवडाले गर्नु भएको योगदानप्रति आभार व्यक्त गर्न चाहन्छौं । समुन्नत नेपालका युवराज लौडारी, पदम प्रसाद ढुङ्गाना र पवन कुमार अधिकारीलाई पनि हार्दिक धन्यवाद दिन चाहन्छौं । कार्यक्रमको परीक्षण र विस्तारका लागि पाठ्यक्रम विकास केन्द्रका कार्यकारी निर्देशक श्री दिवाकर ढुङ्गेलले गर्नुभएको बचनवद्धता प्रति कृतज्ञता ज्ञापन गर्न चाहन्छौं । प्रस्तुत सामग्री विकास गर्नका लागि युनिसेफबाट प्राप्त आर्थिक सहयोगका लागि हार्दिक धन्यवाद दिन चाहन्छौं । नेपाल सरकार शिक्षा मन्त्रालय, शिक्षा विभागप्रति आभार व्यक्त गर्दछौं । यो सामग्री तयार गर्न वित्तीय शिक्षा सम्बद्ध स्रोत सामग्री उपलब्ध गराएवापत नेपाल राष्ट्र बैंकलाई र सम्पादन गर्ने क्रममा प्राविधिक सहयोग गर्नुहुने बैंकका उपनिर्देशक रामहरि दाहाललाई समेत धन्यवाद दिन चाहन्छौं ।

अन्त्यमा यस विद्यार्थी सिकाइ सामग्री परीक्षणको क्रममा स्वयम् अभ्यास गरेर अनुभव गर्नु हुने विद्यार्थी भाइबहिनीहरू, विषयवस्तुलाई सहजीकरण गर्नु हुने शिक्षक मित्रहरूको अनुभवजन्य पृष्ठपोषण, सल्लाह र सुझावले मात्र यो सामग्रीलाई अझ बढी सिकारुमैत्री बनाउन सकिन्छ । यस सामग्रीलाई सबै विद्यार्थी माझ सहजै पुऱ्याउनका लागि तपाईहरूका व्यावहारिक सल्लाह र सुझावको अपेक्षा राखेका छौं ।

धन्यवाद

२०७१ माघ

योगेश कुमार श्रेष्ठ
कार्यकारी निर्देशक
समुन्नत नेपाल

# विषयसूची


| क्र.स. | शीर्षक | पृष्ठ सङ्ख्या |
|---|---|---|
| १. | बाल सामाजिक तथा वित्तीय शिक्षाको परिचय | १ |
| २. | लक्ष्य निर्धारण | ११ |
| ३. | म र मेरो विश्व | १६ |
| ४. | वित्तीय निर्णय प्रक्रिया | १८ |
| ५. | नेतृत्व विकास र समूह कार्य | २१ |
| ६. | बाल अधिकार र जिम्मेवारी | २३ |
| ७. | आर्थिक अभियन्ताका रूपमा महिला | २६ |
| ८. | उपभोक्ता शिक्षा | २८ |
| ९. | पर्यावरणप्रति जिम्मेवार तथा मितव्ययी जीवनशैली | ३१ |
| १०. | आफ्नो र अरूको सुरक्षा | ३३ |
| ११. | अवैध कार्य | ३५ |
| १२. | वित्तीय प्रणाली र वित्तीय उपकरण | ३७ |
| १३. | बचत | ३९ |
| १४. | प्रयोगात्मक कार्य | ४५ |
| १५. | योजना तर्जुमा | ४६ |
| १६. | उद्यमशीलता | ४८ |
| १७. | विद्यालय उद्यम सञ्चालन | ५१ |

# बाल सामाजिक तथा वित्तीय शिक्षा

**परिचय :**

बालबालिका तथा किशोर किशोरीहरू राष्ट्रका भविष्य हुन् । राष्ट्रको आर्थिक, सामाजिक उन्नति र प्रगतिका लागि यिनीहरूमा सामाजिक तथा आर्थिक सचेतना अपरिहार्य हुन आउँछ । विद्यालय शिक्षामा सामाजिक तथा वित्( तीय शिक्षाको कमी छ । खासगरी विद्यमान सामाजिक शिक्षाले सामाजिक मूल्य, मान्यता, सामाजिक रहनसहन, चालचलन, समाज विकास तथा परिवर्तन जस्ता विषयवस्तुहरूलाई समेटेको पाइन्छ । यस्तै वित्तीय शिक्षामा मुद्रा, बैंक र अर्थोपार्जनसँग सम्बन्धित विषयवस्तुहरूले बढी ठाउँ पाएको देखिन्छ । यही प्ररिप्रेक्ष्यमा कक्षा ९ को साम( ाजिक विषयमा बाल सामाजिक तथा वित्तीय शिक्षा सम्बन्धी ज्ञान, सिप र अभिवृत्ति विद्यार्थीहरूमा विकास गर्नका लागि पाठ्यक्रममा यसै वर्ष यस विषयलाई समायोजन गरिएको छ ।

सामान्य अर्थमा बाल सामाजिक तथा वित्तीय शिक्षा भन्नाले समाजमा रहेका विद्यमान समस्यालाई समाधान गरी सामाजिक उत्तरदायित्व निर्वाह गर्नुका साथै प्राप्त स्रोत साधनलाई सदुपयोग गर्ने गरी व्यवस्थापन गर्नु हो । यसले बालबालिका, किशोर किशोरी तथा युवा युवती र समग्र मानव जीवनलाई नै सामाजिक कार्य गर्न, यस सम्बन्धी उत्तरदायित्व वहन गर्न, प्राकृतिक स्रोत साधनको हिफाजत तथा बचत गर्न, वित्तीय व्यवस्थापन सम्बन्धी व्यवहार विकास गर्न सहयोग गर्दछ । सामाजिक तथा वित्तीय शिक्षाले व्यक्तिगत रूपमा वित्तीय व्यवस्थापन गर्न सिकाउँछ भने सामाजिक तहमा यसले आफ्नो समुदाय विकास गराउने सामाजिक कार्यक्रम सञ्चालन गर्न सिकाउँछ । यसले मानव समाजलाई कुनै पनि सामाजिक तथा वित्तीय कारोबार गर्दा नैतिक, मितव्ययी, सक्षम, जिम्मेवार र उत्तरदायी नागरिक बनाउन प्रेरित गर्दछ । यसबाट स्वयम् व्यक्ति, परिवार, समाज, राष्ट्र र समग्र विश्वको सन्तुलित विकासमा टेवा पुग्छ ।

यस अन्तर्गत सामाजिक शिक्षाले वित्तीय शिक्षालाई र वित्तीय शिक्षाले सामाजिक शिक्षालाई बलियो बनाउने रणनीति लिइएको छ । एउटी बालिका, जस्ले पढ्न पाउने अधिकार पाएकी छिन्, सँग पोशाक किन्ने पैसा र विद्यालय जाने बस भाँडा नै छैन भने उनको त्यो अधिकारले के अर्थ राख्न सक्छ ? एउटा बालकको खेल्न पाउने अधिकार पूरा गर्न साधारण खेलौना किन्ने पैसा पनि चाहिन्छ नै । त्यसैले अधिकारहरू प्राप्त गर्ने क्रममा पैसाको पनि महत्व हुन्छ । यहाँ बालिकाको पढ्न पाउने र बालकको खेल्न पाउने अधिकारलाई सामाजिक पक्षसँग र त्यसका लागि आवश्यक पर्ने पैसालाई वित्तीय पक्षसँग सम्बन्धित गराउन खोजिएको हो ।

बालबालिका तथा किशोर किशोरीले आफूमा नैतिक्ता विकास गराउने तथा परिवार एवम् समुदायमा सचेतना अभिवृद्धि गर्ने र यिनीहरूको शैक्षिक, नैतिक, स्वास्थ्य आदि सम्बन्धी व्यवहारमा सकारात्मक परिवर्तन ल्याउने काममा ठुलो भूमिका खेल्न सक्छन् । यी कुराहरू सामाजिक व्यवहारसँग सम्बन्धित छन् । विद्यालयमा सञ्चालन हुने सामाजिक उद्यम सम्बन्धी परियोजनाले उनीहरूलाई यी कामहरू गर्न सहयोग पुऱ्याउँछ । तर यी कामहरू विना पैसा सम्पन्न गर्न कठिन हुन्छ । बचत गर्ने, योजना बनाउने, लगानी गर्ने वित्तीय उद्यम सञ्चालन गर्ने कुराहरू वित्तीय पाटाका विषयवस्तु हुन् । यिनीहरूले सामाजिक कार्यहरू गर्न चाहिने माध्यम (पैसा) का रूपमा काम गरिरहेका हुन्छन् । सामाजिक मूल्य मान्यता, नैतिक आचरण र अनुशासन भन्ने कुराहरू सामाजिक शिक्षाका क्षेत्रहरू मात्र होइनन् । बचत गर्ने, लगानी गर्ने, उद्यम सञ्चालन गर्ने, वित्तीय योजना बनाउने, खर्च गर्ने आदि सबै वित्तीय व्यवहारहरूमा सामाजिक मूल्य मान्यता, नैतिक आचरण र अनुशासन चाहिन्छन् । सतहगत रूपले हे र्दा यी वित्तीय व्यवहारका पक्षहरू देखिएता पनि यिनीहरूलाई सामाजिक व्यवहारहरूले गाँजिरहेका हुन्छन् ।

## बाल समाजिक तथा वित्तीय शिक्षाको औचित्य

बालबालिका तथा किशोर किशोरीहरू सामाजिक तथा वित्तीय व्यवहार प्रस्तुत गर्ने नायकहरू हुन् । उनीहरूका निर्णयको प्रभाव सामाजिक विकासमा प्रष्ट रूपले पर्दछ । यो कुरा वर्तमान र भविष्य दुवैमा लागु हुन्छ । हालैको आर्थिक मन्दीले सामाजिक दायित्वलाई औंल्याइरहेको पाइन्छ । वित्तीय व्यवस्थापन गर्ने सिप हरेक मानिसमा चाहिने कुरालाई यसले सङ्केत गरिरहेको छ । यो कुरा बालबालिका र किशोर किशोरी त्यसमा पनि जोखिममा रहेकाका लागि झन् महत्त्वपूर्ण भइरहेको छ । नागरिकको महत्त्वपूर्ण मूल्य मान्यता अन्तर्गत बाल्यकाल दे खिनै वित्तीय स्रोतहरूको व्यवस्थापन गर्ने सिप आर्जन गरी कार्यान्वयनमा ल्याएमा वित्तीय जोखिम र ऋणका कारणबाट हुने गरिबीको चपेटाबाट बच्न सकिन्छ । यस प्रशङ्गमा सामाजिक तथा वित्तीय शिक्षाको औचित्य निम्नानुसार प्रष्ट्याउन सकिन्छ :

१) बालबालिका तथा किशोर किशोरीलाई सामाजिक र वित्तीय धारणा र सिप सिकाइ सामुदायिक परिवर्तनकर्ताको रूपमा तयार पार्नु पर्ने हुँदा,

२) सामाजिक तथा वित्तीय शिक्षाले बालबालिकालाई सर्वाङ्गीण शिक्षा सम्बन्धी ज्ञान, धारणा र सिप सिकाउने हुँदा

यस प्रसङ्गमा संयुक्त राष्ट्र सङ्घ, बालअधिकार महासन्धिको धारा २९ मा उल्लेख भएका कुराहरू यस प्रकार रहेका छन् :

*'शिक्षाले फराकिलो दायरा लिएर विद्यालय र यस बाहिर जीवनका थुप्रै अनुभवहरूलाई सँगालेर अघि बढ्दै बालबालिकालाई व्यक्तिगत र सामूहिक सिकाइ कार्यद्वारा उनीहरूको व्यक्तित्व, सुझबुझ र क्षमता विकास गर्छ । यसले उनीहरूलाई पूर्ण रूपले समाजमा सन्तोषजनक जीवनयापन गर्न सहयोग पुऱ्याउँछ ।' यस धारणाले पनि बालबालिकाको सिकाइमा सर्वाङ्गीण पक्षहरू समेटिएको हुनुपर्ने कुरालाई जोड दिएको छ । यस कारण पनि सामाजिक तथा वित्तीय शिक्षाको औचित्य अझ प्रवल भएको हो ।*

३) मानिसका सामाजिक तथा वित्तीय व्यावहारहरू सकारात्मक हुनु पर्छ । सकारात्मक व्यावहारहरू प्रस्तुत गर्नेले मात्र सुसूचित निर्णयहरू गर्न सक्छ । सही र सुसूचित निर्णयको माध्यमबाट सामाजिक तथा वित्तीय समस्या समाधान गर्न यस शिक्षाले सिकाउने हुनाले पनि यसको औचित्य पुष्टि हुन्छ ।

यस मोडलले सामाजिक तथा वित्तीय शिक्षालाई बालकेन्द्रित प्रक्रियाबाट सिकाउन अभिप्रेरित गर्छ । यसको पाठ्यक्रमले सामाजिक जिम्मेवारी बहन गर्न र वित्तीय व्यवहार सम्बन्धी सक्षमता हासिल गर्न अग्रसर गराउँछ । यस मोडलले यस्तो ढाँचा प्रस्तुत गर्छ, जसले बालकेन्द्रित प्रक्रियाबाट बालअधिकार र जिम्मेवारी तथा सामाजिक र अन्य व्यवहार बालबालिकाले सजिलै सिक्दछन् । विद्यालय बचत कार्यक्रम तथा उद्यममा सहयात्री भएर वित्तीय तथा सामाजिक सिपहरू उनीहरूले प्रयोगात्मक कार्य गरेरै सिक्न पाउँछन् । यसको अलवा आफ्नो बारेमा बुझ्ने, आफूलाई आवश्यक पर्ने कुराहरू खोज्ने, आफू माथि नियन्त्रण गर्ने, आत्मविश्वास बढाउने आदि कुराहरूलाई पनि यस मोडलले जोड दिएको छ । आफू र आफ्नो समुदायको सामाजिक तथा वित्तीय व्यावहारहरूमा सकारात्मक परिवर्तन ल्याउने सिप र अभिवृत्ति समेत विद्यार्थीमा विकास गराउने उद्देश्य यस मोडलले लिएको छ ।

**सामाजिक तथा वित्तीय शिक्षाका सामाजिक र वित्तीय पक्षहरू सन्तुलन सम्बन्धी तलको चित्र हेरौँ र यसै अनुरुप शिक्षण सिकाइ गरौँ ।**

बालबालिकाहरूले विद्यालयमा सिकेको सामाजिक तथा वित्तीय उद्यमले एकातर्फ उनीहरूलाई सकारात्मक, नैतिक, चरित्रवान र सुरक्षित हुन सिकाउँछ भने अर्कोतर्फ आय आर्जन गर्ने सिपहरू समेत सिकाउँछ । यी सिपहरूले स्थानीय समुदायमा महत्त्वपूर्ण प्रभाव पार्न सक्छन् । बालअधिकार र जिम्मेवारी सम्बन्धी कुराहरूमा सचेत रही उनीहरूको संरक्षण गर्न बा( लबालिकाहरू सक्षम बन्ने छन् । बाल शोषण, उत्पीडन, दमन र हिंसाबाट बच्न उनीहरूले गर्नुपर्ने प्रयासहरू सम्बन्धमा पनि उनीहरूले यस मोडलमा अभ्यास गर्न पाउनेछन् ।




**बाल सामाजिक तथा वित्तीय शिक्षाको प्रस्तावित पाठ्यक्रम**

बाल सामाजिक तथा वित्तीय शिक्षा सम्बन्धी शिक्षण - सिकाइ कक्षा ९-१० मा सञ्चालन गर्नका लागि विद्यमान परिमार्जित पाठ्यक्रममा सहयोग पुगोस् भन्ने अभिप्रायले पाठ्यक्रम विकास केन्द्रका विज्ञसहितको संलग्नतामा निम्नानुसारको पाठ्यक्रम विकास गरी परीक्षणको लागि तयार गरिएको छ । यस सम्बन्धी विद्यार्थी सिकाइ क्रियाकलापहरू सञ्चालन गर्दा यही पाठ्यक्रमलाई आधार बनाएर सञ्चालन गर्नु राम्रो हुन्छ । यो पाठ्यक्रम त्यसैको लागि राखिएको हो ।

| क्र सं. | मुख्य क्षेत्र | सिकाइ क्षेत्रहरू | सिकाइ उपलब्धि/ विशिष्ट उद्देश्य | विस्तृतीकरण (सिकाइ उपलब्धि/विषयवस्तु) |
|---|---|---|---|---|
| १. | आफ्नो बारेमा बुझाइ र खोज | लक्ष्य निर्धारण | आफ्ना भविश्यको लक्ष्य निर्धारण गरी कार्यान्वयनमा ल्याउन । | • लक्ष्य के हो ? लक्ष्य निर्धारण किन ? लक्ष्य निर्धारणका आधारहरू, लक्ष्यमा पुग्ने बाटाहरू, बाधा अड्चनहरू, लक्ष्य निर्धारण, योजना अनुसार लक्ष्यमा पुग्न निरन्तर अभ्यास आदि । |
| २. | | म र मेरो विश्व | विश्वमा आफ्नो स्थान पहिचान गरी अरूको स्थानसँग सम्बन्ध विस्तार गर्न । | • विश्व समुदायमा हाम्रो स्थान<br>• अरूले गरेका राम्रा कामको अनुकरण<br>• विश्व समुदायसँग आपसी सम्बन्ध |
| | | | वातावरण सुधार तथा संरक्षण गर्नका लागि चाल्नुपर्ने कदमहरू निर्धारण गर्न । | • वातावरण सुधार तथा संरक्षणका आधारभूत उपायहरू (बनजङ्गल, नदीनाला, हिमाल, सिमसार, जमिन, खनिज आदि)-सही उपयोग, बृक्षारोपण, जलवायु परिवर्तन आदि । |
| ३ | | वित्तीय निर्णय प्रक्रिया | समालोचनात्मक सोचाइ प्रक्रिया अपनाई वित्तीय मामिला सम्बन्धी निर्णय गर्न । | • वित्तीय मामिला सम्बन्धी निर्णय (ऋण लिने, सापटी दिने, खर्च गर्ने, लगानी गर्ने, ब्यवसाय सञ्चालन गर्ने आदि) मा समालोचनात्मक सोचाइ<br>• निश्चित ढाँचामा रही वित्तीय निर्णय गर्न |
| ४ | | नेतृत्व विकास र समूहकार्य | प्रभावकारी नेतृत्व र समूहकार्य सम्बन्धी सिप विकास गरी कार्यान्वयनमा ल्याउन । | • नेतृत्व के हो ? असल नेतृत्वका गुणहरू, समूहकार्यका आधारभूत सिपहरू, समूह कार्यमा नेतृत्व |

| क्र सं. | मुख्य क्षेत्र | सिकाइ क्षेत्रहरू | सिकाइ उपलब्धि/ विशिष्ट उद्देश्य | विस्तृतीकरण (सिकाइ उपलब्धि/विषयवस्तु) |
|---|---|---|---|---|
| ५ | अधिकार र जिम्मेवारी | बाल अधिकार | बाल अधिकारको पैरवी गर्न र यिनीहरूको संरक्षण गर्न । | • बाल अधिकार र कर्तव्य<br>• बालअधिकारका आधाभूत सिद्धान्तको परिचय<br>♣ बाच्न पाउने अधिकार<br>♣ सुरक्षा पाउने अधिकार<br>♣ विकास सम्बन्धी अधिकार<br>♣ सहभागिताको अधिकार<br>• बाल अधिकारको पैरवी<br>• बाल अधिकार संरक्षण |
| ६ | | आर्थिक अभियन्ताका रूपमा महिला | आर्थिक अभियन्ताका रूपमा महिलाको भूमिकालाई स्वीकार गर्न । | • आर्थिक अभियन्ताका रूपमा महिला<br>• पारिवारिक बजेट र महिला, महिला उद्मशीलता |
| ७ | | उपभोक्ता शिक्षा (अधिकार र दायित्व) | सुसूचित र जिम्मेवार उपभोक्ताको भूमिका निर्वाह गर्न । | • उपभोक्ताको परिचय, उपभोक्ताको भूमिका र उत्तरदायित्व, उपभोक्ता ऐन कानुन, वस्तु तथा सेवा किनमेल गर्दा ध्यान दिनुपर्ने कुराहरू |
| | | | अनियमित उत्पादन र सेवाहरूको बारेमा उजुरी गर्न । | • अनियमित उत्पादन र सेवाहरूको परिचय (घरेलु रक्सी बनाउने र बेच्ने, निषेधित दबाइ बिक्री गर्ने, गाँजा र अफिम उत्पादन तथा बेचबिखन गर्ने, मिसावट, विषाधीको अत्याधिक प्रयोग, हानिकारक रसायनयुक्त श्रृङ्गार सामग्री आदि)<br>• अनियमित उत्पादन र सेवाहरूको कानुनी ब्यवस्था तथा उजुरी |
| | | | अनावश्यक रूपमा विज्ञापन गरिएका सामग्रीहरूबाट सचेत रही यस्ता सामग्रीहरूमा खर्च गर्न बाट जोगिन । | • विज्ञापन के हो र किन गरिन्छ ?<br>• विज्ञापन गरिएका अनावश्यक तथा कम गुणस्तरीय सामग्रीबाट सचेत रहन र त्यस्ता सामग्रीमा भरसक खर्च नगर्न |
| ८ | | पर्यावरणप्रति जिम्मेबार तथा मितव्ययी जीवनशैली | पर्यावरणप्रति जिम्मेवार तथा मितव्ययी जीवनशैली यापन गर्न । | • मानव जीवनामा पर्यावरणको प्रभाव<br>• पर्यावरणप्रति मानव जिम्मेवारी<br>• मितव्ययी जीवनशैली |

| क्र सं. | मुख्य क्षेत्र | सिकाइ क्षेत्रहरू | सिकाइ उपलब्धि/ विशिष्ट उद्देश्य | विस्तृतीकरण (सिकाइ उपलब्धि/विषयवस्तु) |
|---|---|---|---|---|
| ९ | | आफ्नो र अरुको सुरक्षा | आफ्नो र अरुको सुरक्षामा सचेत रही सो अनुरूप कार्य गर्न । | • बाल हिंसा र दुर्व्यबहार<br>• लान्छना तथा भेदभाव<br>• बाल हिंसा, दुर्व्यबहार आदिबाट आफू सुरक्षित रहन र अरूको पनि सुरक्षामा सचेत रहने उपायहरू |
| १० | | अवैध कार्य | अवैध कार्यबाट हुने जोखिमहरू पहिचान गरी त्यस्ता कार्य नगर्ने तर्फ आत्मसात गर्न र अरूलाई पनि यस्ता काम नगर्नका लागि सुझाब दिन । | • अबैध कार्य (लागूऔषध सम्बन्धी व्यापार, तस्करी, मानव बेचविखन आदि)<br>• अवैध कार्यबाट हुने जोखिमहरू<br>♣ कानुनी सजाय,<br>♣ सामाजिक बहिस्कार<br>♣ कुलतमा फस्ने<br>♣ पारिवारिक झैझगडा आदि । |
| ११ | बचत र खर्च | वित्तीय प्रणाली र वित्तीय उपकरण | वित्तीय सङ्घसंस्था-सहकारी तथा विमा आदि सम्बन्धी जानकारी हाँसिल गर्न । | • वित्तीय सङ्घसंस्था-सहकारी र विमा आदिको परिचय र महत्व |
| | | | विभिन्न वित्तीय उपकरणहरूसँग परिचित भई प्रत्येक उपकरण जस्तै-, बचत, ऋण, बिमा आदिका जोखिम तथा फाइदा पहिचान गर्न । | • वित्तीय उपहरणहरू (बैंक, मुद्रा, पूँजी बजार, शेयर, ऋणपत्र, मिच्युयल फन्ड, लघू वित्त) स म्बन्धी सामान्य परिचय<br>• बचत, ऋण, सापटी सम्बन्धी आधारभूत जानकारी<br>• वित्तीय कारोबारमा आइपर्न सक्ने जोखिम र फाइदाहरू<br>• पैसा, पानी, बिजुली, घाँस-दाउरा, खानेकुरा आदिको सही उपभोग गरी बचत गर्न |
| | | | आम्दानी, खर्च, लगा( नी र बिप्रेषणको सामान्य अवधारणासँग परिचित हुन । | • आम्दानी, खर्च, लगानी र बिप्रेषणको परिचय तथा महत्त्व |
| १२ | योजना र बजेट | योजना तर्जुमा | सबै क्रियाकलाप सञ्चालनका लागि योजनाका आवश्यक पक्षहरू समावेश गरी समूहमा योजना बनाउन । | • योजना के हो ? योजना किन बनाउनु पर्छ ? सफल योजनाका पक्षहरू, योजना तर्जुमाका चरणहरू,<br>• नमुना योजनाको ढाँचा<br>• सान्दर्भिक योजना निर्माण |
| | | | समूहमा सामाजिक परियोजना कार्य सञ्चालन गर्न । | • परियोजनाको परिभाषा, परियोजना सञ्चालन प्रक्रिया, समूहमा परियोजना सञ्चालन गर्दाका फाइदाहरू, नमुना परियोजनाको ढाँचा, परियोजना कार्यमा संलग्नता |


| क्र सं. | मुख्य क्षेत्र | सिकाइ क्षेत्रहरू | सिकाइ उपलब्धि/ विशिष्ट उद्देश्य | विस्तृतीकरण (सिकाइ उपलब्धि/विषयवस्तु) |
|---|---|---|---|---|
| १३ | बाल सामाजिक तथा वित्तीय उद्यम | उद्यमशीलता | उद्यमीका मुख्य विशेषता पहिचान गरी सफल उद्यमी बन्ने तरिका पहिचान गर्न । | • सफल उद्यमीका विशेषताहरू<br>• सफल उद्यमी बन्ने तरिकाहरू |
| | | | बजारको आवश्यकता हेरी ब्यवसायको आधारभूत यो जनाको नमुना खाका तयार गर्न । | • बजारको आवश्यकता पहिचान<br>• बजार र ब्यवसाय बिचको सम्बन्ध |

**सामाजिक तथा वित्तीय शिक्षाका पाँचओटा मूख्य क्षेत्र**

१) आफ्नो बारेमा बुझाइ र खोज :

यसबाट वित्तीय शिक्षाको पहिलो क्षेत्र सुरू हुन्छ । बालबालिकालाई आफू र आफ्नो बारेमा बुझ्ने प्रशस्त अवसरहरू दिनुपर्छ । म पनि सक्षम छु र सक्षम हुनु पर्छ भन्ने आत्मविश्वास बढाउने खालका क्रियाकलापहरू उनीहरूलाई गराउनु पर्छ । प्रत्येक व्यक्ति आफैँमा भिन्न र विशेष हुन्छ । यस्तो विशेषता नै मानवको मौलिकता हो । बालबालिकालाई सिकाइ वातवरणमा उनीहरूको मौलिकता पहिचान गर्न र एक अर्कोको फरक पनलाई स्वीकार गर्न प्रशस्त अवसरहरू दिनुपर्छ । यस्ता अवसरहरूबाट उनीहरूले एक अर्को बिच सहअस्तित्वको स्वीकार गर्न सिक्छन् । सत्य कुरालाई काल्पनिकसँग अलग गर्ने, विचार गर्ने, पत्ता लगाउने र कार्यान्वयनमा ल्याउने जस्ता व्यवहारहरू प्रस्तुत गर्न लगाउनु पर्छ । यस्तै आफ्नो जीवनलाई आफैँले निर्देशित गर्न सिक्नु पर्छ भन्ने कुराहरू बाल सामाजिक तथा वित्तीय शिक्षाको यस क्षेत्रले प्रष्ट पार्दछ ।






२) अधिकार र जिम्मेवारी :




संयुक्त राष्ट्र संघ, बालअधिकार महासन्धिमा नेपालले हस्ताक्षर गरिसकेको छ । बालअधिकारको व्यवस्था गरिएको छ भन्ने कुरा सबै बालबालिकाले बुझ्न् भन्ने कुरा हामीले मनन् गर्नुपर्छ । सबैलाई बराबर हुने अधिकारहरू बालबालिकाले भोग गरुन् भन्ने कुराहरू हामीले मनन् गर्नुपर्छ । धार्मिक वा राजनीतिक दृष्टिकोणबाट विश्वलाई हेर्ने हाम्रो नजर फरक पर्न सक्ला तर बालअधिकार महासन्धिले तोकेका बालअधिकार बारेमा सबैको दृष्टि एउटै हुनुपर्छ । बालबालिकाले आफ्ना अधिकारहरू कसैबाट पनि खोसिनु हुँदैन भन्ने कुरा सिक्नु अनिवार्य हुन्छ । बालबालिकालाई बालअधिकारका कुरा सिकाउँदा प्रत्येक अधिकार सँग सँगै त्यसप्रति उनीहरूको जिम्मेवारी पनि छ भन्ने कुरामा होसियारी अपनाउनु पर्छ । उदाहरणका लागि *पढ्न पाउने उनीहरूको अधिकार हो* भने मेहनत गरेर पढ्नु उनीहरूको जिम्मेवारी हो । त्यस्तै *खेल्न पाउने उनीहरूको अधिकार हो भने सुरक्षित भएर खेल्नु जिम्मेवारीको पाटो हो । खान पाउने उनीहरूको अधिकार हो भने खानेकुरा कत्ति पनि नफाल्नु उनीहरूको जिम्मेवारी* हुन आउँछ ।

३) बचत र खर्च :



बालबालिकाहरूलाई पैसाका साथ साथै खानेकुरा, समय, पानी र अरू प्राकृतिक स्रोतहरू खेर नजाने गरी उपयोग गर्ने र यिनीहरूलाई बचत गर्नुपर्छ भन्ने कुरा महसुस गराउनु पर्छ । बचत गर्ने अनुशासन सिकाउन सानोतिनो रकम नियमित रूपमा बचत गर्न लगाउनु पर्छ । बचत गर्नुको मतलब उनीहरूलाई लखपति बन्न प्रोत्साहन गर्नु होइन । यो त आफू बढ्दै जाँदा आफ्नोहेरविचार पुऱ्याउन सजिलो हुने अनुशासन हो भन्ने कुरा सिकाउनु पर्छ । खर्च गर्दा उनीहरूले आवश्यकता र चाहना छुट्याएर आवश्यकतामा मात्र खर्च गर्ने बानी बसाल्नासाथ बचतलाई प्रोत्साहन हुने कुरा हामीले उनीहरूलाई प्रष्ट्याउनु पर्छ ।

४) योजना र बजेट :

यदि हामी विद्यार्थीलाई बचत गर्न सिकाउँछौं भने आम्दानी र खर्चका महलहरू भरेर सामान्य वित्तीय अभिलेख राख्ने कुराहरू पनि सिकाउनु पर्छ । योजना र बजेटले विद्यार्थीलाई बचत गर्ने उद्देश्य सिकाउँछ । यस अन्तर्गत उनीहरूले समय, पानी, बिजुली, खाना आदि स्रोतहरूको सदुपयोगलाई पनि व्यवस्थित गर्न सिक्छन् ।

| **आम्दानी** | | | **व्यय** | | | **कैफियत** |
|---|---|---|---|---|---|---|
| **मिति** | **शीर्षक** | **रकम** | **मिति** | **शीर्षक** | **रकम** | |
| २०७१।१०।१० | आमाबाट खाजाका लागि प्राप्त | रू. ५० | २०७१।१०।१० | खाजा खर्च | रू. ३० | रू. २० बचत |
| २०७१।१०।११ | ........ | ............. | २०७१।१०।११ | ........ | ........ | |

५) बाल सामाजिक तथा वित्तीय उद्यम :

१. सामाजिक उद्यम : समाजमा भएका विभिन्न समस्याहरू समाधान गर्ने कार्यक्रम हो । यस अन्तर्गत समाजसँग प्रत्यक्ष सम्बन्ध राख्ने अभियानहरू, वहस, छलफल, बादविवाद, आदि कार्यक्रमहरू पर्दछन् । यस्ता कार्यक्रमहरूले व्यक्ति वा समूहको क्षमता अभिवृद्धि गर्दछ । समाजको

उत्थानका लागि गरिने यस्ता कार्यक्रमहरूलाई सामाजिक उद्यम भनिन्छ । यस्ता उद्यम सामूहिक तवरले सञ्चालन गर्नु उपयुक्त हुन्छ । सामाजिक उद्यमशीलता सामाजिक सवालहरूसँग सम्बन्धित हुन्छ । समाजमा विद्यमान कुरिती तथा नकारात्मक संस्कारहरूलाई परिवर्तन गर्नु हामीहरूको दायित्व र कर्तव्य हुन आउँछ । विद्यालयमा यस्ता कार्यक्रमहरू सञ्चालन गर्न केही र कमको आवश्कता पर्दछ । यस्ता क्रियाकलापहरू कसैको आर्थिक सहयोग र अनुदानबाट गर्न सकिन्छ ।




२. आर्थिक उद्यम : व्यक्तिगत तथा सामूहिक रूपमा नाफा कमाउने उद्देश्य राखेर सञ्चालन गरिएको व्यापार वा व्यवसायलाई आर्थिक उद्यम भनिन्छ । यसमा वस्तुको उत्पादन र विक्री वितरण गर्ने गरिन्छ ।


३. सामाजिक तथा वित्तीय उद्यम : कुनै पनि काम सामाजिक तथा आर्थिक तवरले हित वा नाफा हुने गरी सञ्चालन गरिन्छ भने त्यसलाई  सामाजिक तथा वित्तीय उद्यम भनिन्छ । यस प्रकारका कामले समुदाय र वातावरण सुधार गरी अर्थोपार्जन पनि गरेको हुन्छ । उदाहरणका लागि दैनिक भान्सामा थुप्रिने सड्ने खालका फोहोरलाई खाडल खनी गाड्ने र त्यसबाट उत्पादित मल करेसाबारीमा प्रयोग गरी तरकारी उत्पादन गर्ने वा अन्य कृषकलाई त्यो मल बेचेर आम्दानी गर्ने कामलाई लिन सकिन्छ । यस्तो काम आ-आफ्नो टोलको फोहोर सङ्कलन गरेर पनि गर्न सकिन्छ । यसले एकातिर वातावरणलाई सफा र स्वाच्छ राख्न मद्त गर्दछ भने अर्कोतिर नगद आम्दानी पनि गराउँछ ।

बालबालिकाहरूलाई विद्यालयमा सानोतिनो सामाजिक तथा वित्तीय उद्यम सञ्चालन गर्न प्रोत्साहन दिनुपर्छ । यसलाई परियोजनाका समय अवधिमा सञ्चालन गर्नुपर्छ । सामाजिक परियोजना भन्नाले विद्यार्थी, विद्यालय र समुदयायलाई राम्रो हुने, यिनीहरू सुरक्षित हुने र स्वस्थ हुने कुनै पनि कार्यक्रमहरू हुन सक्छन् । उदाहरणका लागि विद्यालय वरिपरि वृक्षारोपाण गर्ने कार्यलाई लिऔं । यसले छहारी, एकान्त गर्ने स्थल र फल दिन सक्छ । धूमपान, मद्यपान तथा लागुऔषधका साथै बाल हिंसा र गालीगलोज विरूद्धका अभियान सञ्चालन गर्ने परियोजना पनि यस अन्तर्गत पर्न सक्छ । वित्तीय उद्यमले सानातिना आय आर्जन हुने परियोजनालाई प्रस्ताव गर्छ । पाउरोटी बनाउने र बेच्ने, कुखुरा पालन गर्ने र अण्डा बेच्ने, तरकारी खेती गर्ने र बजारमा बेच्ने जस्ता परियोजनाहरू यस अन्तर्गत सञ्चालन गर्न सकिन्छ ।

यस विषय (बाल सामाजिक तथा वित्तीय शिक्षा) अन्तर्गतका यी ५ ओटा क्षेत्रहरू एक आपसमा सम्बन्धित छन् । यिनीहरूको उत्तिकै महत्व पनि छ । यिनीहरू मध्ये कुनै एकको पनि अभावमा सामाजिक तथा वित्तीय शिक्षा अपुरो हुन्छ । यो तथ्य तलको साङ्गठानिक ढाँचाले अझ प्रष्ट पार्दछ :

## क्षेत्र र पाठहरूको साङ्गठानिक ढाँचा

सामाजिक तथा वित्तीय शिक्षाका ५ ओटा क्षेत्रभित्र यसका मुख्य शीर्षक र पाठहरूलाई निम्नानुसार समावेश गरिएको छ :



| आफ्नो बारेमा बुझाइ र खोज | अधिकार र जिम्मेवारी | बचत र खर्च | योजना र बजेट | सामाजिक तथा वित्तीय उद्यम |
|---|---|---|---|---|
| लक्ष्य निर्धारण<br>४ ओटा पाठ | बालअधिकार र जिम्मेवारी<br>४ ओटा पाठ | वित्तीय कारोवार<br>३ ओटा पाठ | योजना तर्जुमा<br>३ ओटा पाठ | उद्यमशीलता<br>३ ओटा पाठ |
| म र मेरो विश्व<br>३ ओटा पाठ | आर्थिक अभियन्ताका रूपमा महिला<br>४ ओटा पाठ | बचत<br>३ ओटा पाठ | | |
| वित्तीय निर्णय प्रक्रिया<br>३ ओटा पाठ | उपभोक्ता शिक्षा<br>४ ओटा पाठ | प्रयोगात्मक कार्य<br>१ ओटा पाठ | | |
| नेतृत्व विकास र समूह कार्य<br>३ ओटा पाठ | पर्यावरणप्रति जिम्मेवार तथा मितव्ययी जीवनशैली<br>३ ओटा पाठ | | | |
| | आफ्नो र अरूको सुरक्षा<br>३ ओटा पाठ | | | |
| | अवैध कार्य<br>२ ओटा पाठ | | | |

**शिक्षकले ध्यान दिनुपर्ने कुराहरू :**

विद्यार्थी सिकाइ सामग्रीमा उनीहरूले गर्नुपर्ने काम प्रष्टसँग उल्लेख गरिएको छ। शिक्षकले सामान्य निर्देशन दिँदा उनीहरूले आफैँ क्रियाकलाप गर्न सक्छन्।

१) यसमा जम्मा ४६ ओटा पाठहरू छन्।

२) यी सबै पाठहरू पढाउन २० घन्टा समय लाग्ने अनुमान गरिएको छ।

३) (क) मुख्य शीर्षक अन्तर्गत कुनैमा ४, कुनैमा ३ र एउटामा २ ओटा पाठहरू छन्। प्रयोगात्मक कार्यमा एउटा मात्र पाठ छ।

(ख) ३ र ४ ओटा पाठहरू हुने शीर्षकको पहिलो पाठ थालनी क्रियाकलाप (**Energizer**), अन्तिम पाठ मूल्याङ्कन र बिचका अरू पाठहरू मुख्य विषयवस्तुसँग सम्बन्धित गराएर क्रियाकलाप सञ्चालन गर्नुपर्ने छ। २ ओटा पाठ हुने शीर्षकका पहिलो पाठ मुख्य विषयवस्तुसँग र दोस्रो पाठ मूल्याङ्कनसँग सम्बन्धित छन्।

(ग) धेरैजसो पाठको सुरूमा पाठको परिचय र विषयवस्तु सम्बन्धी केही जानकारीमूलक कुराहरू छन्। दोस्रो चरणमा समूह विभाजन र कार्य बाँडफाँड गरिएको छ। तेस्रो चरणमा विद्यार्थीले गर्नुपर्ने सिकाइमूलक काम सम्बन्धी निर्देशनहरू छन्। यिनै चरणहरू अनुसार शिक्षण सिकाइ कार्य अघि बढाउनु पर्ने हुन्छ ।

(घ) विद्यार्थी सिकाइ सामग्रीमा कतिपय कुराहरू अपुग पनि हुन सक्छन् त्यसलाई मध्यनजर राखी यस निर्देशिकामा थप क्रियाकलाप सञ्चालन गराउन निर्दिष्ट गरिएको छ। जहाँ जहाँ यस्ता नयाँ क्रियाकलापका लागि निर्देशन दिइएको छ त्यहाँ त्यहाँ थप क्रियाकलाप गराउनु पर्ने छ।

शिक्षक निर्देशिकामा प्रयोग भएका लोगोहरूको परिचय

प्रस्तुत लोगो हरेक पाठको परिचय शीर्षक अन्तर्गत राखिएको छ । यसले शिक्षकलाई पाठको परिचय अध्ययन गरी प्रष्ट हुनलाई सङ्केत गर्छ ।

यो लोगो हरेक पाठको उद्देश्य अन्तगर्तत राखिएको छ। यसले शिक्षकलाई पाठको उद्देश्य प्रष्ट हुनलाई सङ्केत गर्छ ।

यस्तो लोगो हरेक पाठको सामग्री र क्रियाकलापलाई सङ्केत गर्न राखिएको हो । यसले सम्बन्धित पाठको क्रियाकलाप सञ्चालन गर्न चाहिने आवश्यक सामग्री र क्रियाकलापको नामलाई सङ्केत गर्छ ।

प्रस्तुत लोगो प्रत्येक पाठ अन्तगर्त रहेको क्रियाकलाप सञ्चालन प्रक्रियाका लागि राखिएको हो । क्रियाकलाप सञ्चालन गर्दा शिक्षकले अवलम्बन गर्नुपर्ने प्रक्रियालाई यसले सङ्केत गरेको छ ।

**शिक्षण सिकाइका क्रममा तलका कामहरु गर्ने गरौँ :**

- यस विषयलाई सिकाउने समय पाठ्यभारमा कम भएकाले तलका पाठहरूलाई प्राथमिक्ता दिएर शिक्षण गरि दिनु हुन शिक्षकहरूलाई अनुरोध गर्दछौं :

  १. वित्तीय कारोबार　　२. बचत　　३. बजार हेरौं/व्यवसाय गरौं

  ४. विद्यालय उद्यम कार्यक्रम　　५. सही निर्णय गरौं
- प्रत्येक शीर्षकका पाठ परिचयमा उल्लेखित कुराहरू शिक्षण गर्नु पूर्व नै अध्ययन गर्ने गरौं ।
- प्रत्येक पाठलाई उद्देश्यसँग तालमेल गराएर सिकाइमूलक क्रियाकलापहरू गराऔं ।
- क्रियाकलाप सञ्चालनका क्रममा आवश्यक पर्ने सामग्रीहरू पहिलनै जुटाइ राखौं ।
- कक्षा सञ्चालनका क्रममा पनि सामग्री विकास गराउनु पर्छ भन्ने कुराको हेक्का राखौं ।
- कक्षामा बालमैत्री र विद्यार्थी केन्द्रित क्रियाकलापहरू सञ्चालन गर्ने गरौं ।
- निरन्तर मूल्याङ्कन प्रक्रियाबाट सिकाइको मूल्याङ्कन गर्ने गरौं ।
- शिक्षण सिकाइ प्रक्रियालाई रमाइलो र सान्दर्भिक बनाऔं ।
- विद्यार्थीले सिकेका कुरा घर, परिवार र समुदायमा पुऱ्याई कार्यान्वयनमा ल्याउने प्रयास गरौं ।
- कक्षा कोठामा सिकाइमूलक वातावरण सिर्जना गरौं ।
- विद्यार्थीलाई काम गरेर सिक्ने मौका दिऔं ।
- व्यक्तिगत र समूहगत सिकाइलाई सन्तुलन गर्ने गरौं ।
- विद्यार्थीहरूले जानेका कुरा अरुसँग sharing गर्ने व्यवस्था मिलाऔं ।
- शिक्षण सिकाइमा स्थानीय परिवेशलाई भित्र्याउने गरौं ।
- सिकाइका क्रममा विद्यार्थीले उत्पादन गरेका सामाग्रीहरू कक्षाकोठामा प्रस्तुत गर्ने गरौं ।

**पाठ शीर्षक :** # लक्ष्य निर्धारण

**परिचय :**

किशोरावस्था भनेको बाल्यअवस्थाबाट प्रौढ अवस्थामा जाने सङ्क्रमणकालीन अवस्था हो । यो अवस्था सबैका लागि उत्तिकै सहज छैन । यस अवस्थामा आफ्नो भावी जीवन निर्माण गर्न बढीभन्दा बढी जिम्मेवारीहरू लिनु पर्ने हुन्छ । सामान्यत मानव जीवनमा सबैले उचित लक्ष्य तथा योजना बनाएका हुन्छन् भन्ने कुराको अपेक्षा गर्न सकिँदैन । तर पनि लक्ष्य निर्धारण सम्बन्धी अभ्यास यस उमेरमा गर्नु राम्रो हुन्छ । यस बेलामा अभ्यास गरेको ज्ञान र सिपले भावी जीवन सहज हुन्छ ।

**उद्देश्य : यस पाठको अन्त्यमा विद्यार्थी निम्न कार्य गर्न सक्षम हुनेछन् :**

- आफ्नो भविष्यको लक्ष्य निर्धारण गरी कार्यान्वयनमा ल्याउन ।

**सामग्री :** न्युजप्रिन्ट, साइपेन, मार्कर, टेप, मेटा कार्ड आदि ।

**क्रियाकलाप नं १: सपना कि लक्ष्य**

**समय :** २० मिनेट

**पूर्व तयारी :** पुस्तकका लागि कभर पेज तयार गरिराख्नुहोस् ।

**प्रक्रिया :**

- एक जना स्वयम्सेवक तोकेर अतुल र पवित्राको अवस्था पढेर सुनाउन लगाउनुहोस् ।
- सपना र लक्ष्यको बारेमा केही प्रष्ट पारिदिनुहोस् ।
- विद्यार्थी सिकाइ सामग्रीमा लक्ष्य निर्धारण गरेको उदाहरण शिक्षा सम्बन्धी छ । तर विद्यार्थीलाई वित्तीय लक्ष्य निर्धारण गराउनु पर्ने हुन्छ ।
- तल एउटा वित्तीय लक्ष्य राखेर विश्लेषण गरिएको छ । यसैलाई उदाहरणको रूपमा लिएर विद्यार्थीलाई लक्ष्य निर्धारण गर्न लगाई क्रियाकलाप सञ्चालन गराउनुहोस् :

  राधिका कक्षा ९ मा पढ्छिन् । उनको नाममा आमाले बैंकमा बचत खाता खोलिदिनु भएको छ । उनको खातामा हाल ५०० रूपियाँ मात्र बचत छ । अबका ५ वर्षमा त्यस बचत खातामा रू ५००० जम्मा गरिसक्ने उनको लक्ष्य छ । यो लक्ष्य पूरा गर्न उनी आमाले खर्च गर्न दिएको पैसा, टीका लगाउँदा पाएको दक्षिणा र अन्य स्रोतबाट प्राप्त रकमहरू रु. १०० भन्दा बढी आफूसगँ हुना साथ आफ्नो खातामा लगेर जम्मा गछिन् । उनले घरमा लोकल कुखुरा पनि पालेकी छिन् । अण्डा र कुखुरा बेच्दा प्राप्त भएको आधा रकम आमाको स्वीकृति लिएर आफ्नो खातामा जम्मा गर्छिन् । यसबाट प्राप्त अरू पैसा आमाले घर खर्चमा प्रयोग गर्नु हुन्छ । राधिकाको लक्ष्य पूरा गर्न आमा लागि पर्नु भएको छ । कुखुरा बिरामी हुँदा नजिकैको पशुपञ्छी औषधी पसलेको सहयोग उनीहरूले लिने गरेका छन् ।

- विद्यार्थीले आ आफ्नो लक्ष्य र कार्यक्रम तयार पार्दा घुमेर सहयोग गर्नुहोस् ।
- विद्यार्थीका पानाहरू सङ्कलन गरेर कभर पेज राखी पुस्तक बनाइ दिनुहोस् ।
- एक/दुई जनाको लक्ष्य र कार्यक्रमहरू पढेर सुनाउन लगाउनुहोस् ।
- तल दिइएजस्ता प्रश्नहरू सोधेर मूल्याङ्कन गर्नुहोस् :

  (क) लक्ष्य भनेको के हो ?

  (ख) लक्ष्य निर्धारण कसरी गर्ने ?

  (ग) लक्ष्य पुरा गर्न के के गर्नुपर्छ ?

**क्रियाकलाप नं २: SMARTS**

**समय** : २५ मिनेट

**पूर्व तयारी** :

न्युजप्रिन्ट, साइनपेनको व्यवस्था गर्नुहोस् । रोचक तरिकाले समूह विभाजन गर्ने तरिका सोचिरहनुहोस् ।

**प्रक्रिया** :

- राधिकाको लक्ष्यलाई SMARTS मा कसी लगाएर हेरौं :

| | | | |
|---|---|---|---|
| S | Specific | निर्दिष्ट | हातमा परेको पैसा खातामा जम्मा गर्दै गएर ५ बर्षमा यसलाई ५००० पुऱ्याउने उनको बाटो निर्दिष्ट छ । |
| M | Measurable | मापनीय | पैसा जम्मा गर्दै जाने, अनावश्यक खर्च कटाउने तथा थप आमदानी हुने काम समेत गर्ने व्यवहारहरू मापनीय छन् । |
| A | Applicable | कार्यान्वयन गर्न सकिने | आफूलाई आवश्यक खर्च आमाले दिने, यसबाट उभारेर बचत गर्ने, दक्षिणाहरू र अन्डा तथा कुखुराहरू बेचेर प्राप्त हुने पैसाको आधा रकम पनि खातामा जम्मा गर्ने लक्ष्य कार्यान्वयन गर्न सकिने किसिमको छ । |
| R | Realistic | वास्तविक | दक्षिणा र अन्य स्रोतबाट पाएको सबै पैसा जम्मा गर्दै जाँदा ५ वर्षमा ५००० बचत खातामा जम्मा गर्ने योजना वास्तविक हो । यसरी जम्मा गर्दै जाँदा ५००० भन्दा धेरै बढी रकम जम्मा हुन सक्छ । |
| T | Time bound | समय सीमा | ५ वर्षमा रू ५००० जम्मा गर्ने कुरामा समय सीमा प्रष्ट किटान भएको छ । |
| S | Sequential | क्रमवद्ध | खर्च कटौति गरेका पैसा जम्मा गर्ने, दक्षिणाहरू जम्मा गर्ने, अन्य स्रोतबाट आएको पैसा पनि जम्मा गर्दै जाने कुराहरू क्रमवद्ध छन् । |

- विद्यार्थी सिकाइ सामग्री र शिक्षक निर्देशिकामा दिइएका उदाहरणहरू एक एक जना स्वयम्सेवीलाई पढेर सुनाउन लागउनुहोस् ।
- स्वयम्सेवकका रूपमा तोकिएको विद्यार्थीले उदाहरणमा दिइएको लक्ष्यलाई SMARTS मा राखेर प्रष्ट्याउँदा आवश्यक सहयोग गर्नुहोस् ।
- अघिल्लो क्रियाकलापमा विद्यार्थीले लिएको वित्तीय लक्ष्य आ-आफ्नो समूहमा पढेर सुनाउन लगाउनुहोस् ।
- समूहका विद्यार्थीले पढेर सुनाएका वित्तीय लक्ष्यहरूमध्ये समूहका सबै विद्यार्थीलाई राम्रो लागेको लक्ष्य चाहिँ छनोट गर्न लगाई त्यसैमा उदाहरण अनुसार SMARTS सम्बन्धी अभ्यास गराउनुहोस् ।
- प्रत्येक समूहको प्रस्तुतीकरण पछि प्रश्नोत्तर, छलफल र विचार आदान प्रदान गराई लक्ष्यलाई SMARTS बनाउन सहयोग गर्नुहोस् ।
- विद्यार्थीको सक्रियता, प्रस्तुति शैली, नेतृत्व, सहभागीता, जिम्मेवारी वहन आदि पक्षको मूल्याङ्कन गर्न निम्नानुसारको तालिका तयार गरी मूल्याङ्कन गर्नुहोस् ।

| क्र.स | समूहको नाम | सक्रियता | | | प्रस्तुति शैली | | | सहभागीता | | | जिम्मेवारी | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | उच्च | मध्यम | निम्न | उच्च | मध्यम | निम्न | उच्च | मध्यम | निम्न | उच्च | मध्यम | निम्न |
| १. | क | √ | | | | √ | | √ | | | √ | | |
| २. | ख | | | | | | | | | | | | |
| ३. | ग | | | | | | | | | | | | |
| ४. | घ | | | | | | | | | | | | |

**क्रियाकलाप नं ३: SWOT विश्लेषण**

**समय** : ३० मिनेट

**पूर्व तयारी** :

**SWOT** विश्लेणको पूर्व अभ्यास गरी प्रष्ट भइराख्नुहोस् ।

**प्रक्रिया** :

- राधिकाको लक्ष्यलाई निम्नानुसार SWOT विश्लेषण गरिएको तरिका कुनै एक जना स्वयम्सेवीलाई प्रष्ट्याउन लगाउनुहोस् :

| S = strength = सुवल पक्ष | W= weakness = कमजोरी |
|---|---|
| • खर्च गर्न दिएको पैसा उभार्ने क्षमता<br>• दक्षिणाहरूबाट पाएको पैसा खातामा जम्मा गर्ने बानी<br>• कुखुरा पालेर प्राप्त रकम पनि जम्मा गर्दै जाने बानी | • खर्च गर्न दिएको पैसा नउभ्रिन सक्छ ।<br>• कुखुराको हेरचाह गर्ने समय नपुग्न सक्छ । |
| O= opportunity = अवसर<br>• विद्यालयले उद्यम सञ्चालन गर्ने सिप विकास गराइ दिन्छ ।<br>• बैंक नजिकै छ । पैसा जम्मा गर्न जाँदा आउँदा त्यति समय लाग्दैन ।<br>• आमाले लक्ष्य पूरा गर्न सहयोग गर्नु हुन्छ । | T= threats = चुनौती<br>• दक्षिणा थोरै पाइन सक्छ ।<br>• कुखुरा मर्न पनि सक्छन् ।<br>• कुखुरा बेचेर पाएको रकमको आधा जम्मा गर्ने स्वीकृति आमाले सधैं नदिन पनि सक्नु हुन्छ । |

विश्लेषणको नतिजा

खर्च गर्न दिएको पैसा नउभ्रिन सक्ने, कुखुराको हेरचाह गर्ने समय कम हुने जस्ता कमजोरीहरू माथि उनको अनावश्यक खर्च कटौती गर्ने, दक्षिणा र कुखुराबाट हुने आमदानीबाट खातामा जम्मा गर्दै जाने दृढ संकल्पले विजय हासिल गर्छ । त्यसैले उनका सवलपक्षहरूका अगाडि कमजोड पक्षको केही चल्दैन ।

दक्षिणा थोरै पाइन सक्ने, कुखुरा मर्न सक्ने आमाको स्वीकृति सधैं नहुन पनि सक्ने जस्ता चुनौतिहरूलाई विद्यालयले उद्यम सम्बन्धी सिप प्रदान गर्ने, बैंक नजिकै हुने, लक्ष्य पूरा गरिदन आमा लागी पर्ने आदि जस्ता अवसरहरूले हटाइ दिने कुरा प्रष्ट छ । आमाको सल्लाह अनुसारनै खातामा रकम जम्मा गर्ने योजना बनाइएको हुदाँ आमाले सधैं स्वीकृति दिनु हुन्न कि भनेर शङ्का गर्ने ठाउँ छैन । चुनौतीहरूलाई हटाउन मौकाले साथ दिएको नै मान्नु पर्छ ।

- विद्यार्थीलाई क्रियाकलाप नम्बर २ कै समूहमा बसाउनुहोस् ।
- विद्यार्थी सिकाइ क्रियाकलाप नं ३ मा र शिक्षक निर्देशिकामा माथि दिइएको **SWOT** विश्लेषणको उदाहरण प्रष्ट पारिदिनुहोस् ।

- क्रियाकलाप नं. २ मा उनीहरूले छनोट गरेको वित्तीय लक्ष्य लिन लगाएर उदाहरण अनुसार **SWOT** विश्लेषण गर्न लगाउनुहोस् ।
- समूहहरूले आफ्नो लक्ष्यलाई लिएर **SWOT** विश्लेषण गरेको अवलोकन गरी सुझाव दिनुहोस् ।
- **SWOT** विश्लेषण गरी सकेपछि कार्यक्रमको योजना निम्नानुसार तयार पार्न लगाउनुहोस् । राधिकाका कार्यक्रमका योजनाको उदाहरण तल दिइएको छ :राधिकाले यो लक्ष्य प्राप्तिका लागि निम्नानुसार काम गर्ने गरी कार्य योजना बनाइन् :

| **क्र.स** | **गर्ने कामहरू** | **लाग्ने समय** | **सहयोग गर्ने व्यक्ति** | **चाहिने स्रोत** | **काम गर्ने तरिका** | **कार्यान्वयन स्थल** | **कैफियत** |
|---|---|---|---|---|---|---|---|
| १ | खर्च कम गर्ने | सधैं | आमा | | अति आवश्यक काममा मात्र खर्च गर्ने । | घर, विद् यालय, बजार | |
| २ | दक्षिणा जम्मा गर्ने | सधैं (मुख्य गरी असोज र कार्तिक) | आमा, मामाघर, काका, ठुलाबा | | टीका लगाउने, पाएको पैसा थोरै हुदाँ खुत्रुकेमा राखने । धेरै भए पछि खातामा जम्मा गर्ने । | घर र बैंक | |
| ३ | कुखुराका चल्ला किन्ने | १ हप्ता | आमा | ५०० | नजिकको पोल्ट्री फारबाट खरिद गर्ने । | पोल्ट्री फार्म | पैसा आमा सगँ माग्ने |
| ४ | कुखुराको खोर विस्तार गर्ने | २ हप्ता | आमा | ५०० | घर छेउमा भएको खोर ठुलो पार्ने । | घरमा | पैसा आमा सगँ माग्ने |
| ५ | अन्डा र कुखुरा बेच्ने | ३ महिना पछिबाट प्रत्येक २ हप्तामा १ शनिबार | आमा र छिमेकी तथा व्यापारीहरू | | छिमेकी र पसले लाई खवर गर्ने र आफूले पनि किन्ने कहाँ पुऱ्याउने | छिमेकी र नजिकको बजार | |
| ६ | बैंकमा पैसा जम्मा गर्ने | महिनामा १ दिन नियमित रूपले जम्मा गर्ने । विचैमा साथमा बढी रकम भयो भने विचविचमा अरू दिन पनि जम्मा गर्ने । | आमा र बैंक कर्मचारी | | बैंक जाने । भौ चर भर्ने । पैसा दिने । अर्घकट्टी लिएर घर आउने । | | |

- समूहले तयार पारेको **SWOT** विश्लेषण र कार्यक्रम तालिका पालैपालो प्रस्तुत गर्न लगाउनुहोस् ।
- विद्यार्थीले गरेको कार्य, सहभागिता, सक्रियता आदि पक्ष समेट्ने गरी मूल्याङ्कन गर्नुहोस् ।

**क्रियाकलाप नं ४: कफी ब्रेक**

**समय** : १५ मिनेट

**पूर्व तयारी** :

कफी ब्रेकका लागि तयार पारिएको अभिव्यक्तिहरूलाई न्युजप्रिन्टमा लेखेर राख्नुहोस् । खेलको नियममा पनि अभ्यास गरिराख्नुहोस् ।



**प्रक्रिया :**

- कफी ब्रेक खेलको नियम प्रष्ट पारी विद्यार्थीहरूलाई खेल्न सहयोग गर्नुहोस् ।
- विद्यार्थीलाई दुई लाइनमा उभ्याई आम्ने साम्ने पर्ने जोडीलाई हात मिलाउन लगाउनुहोस् । क्रमशः अगाडि देखि पछाडि तर्फका जोडीहरूको क्रमसङ्ख्या निर्धारण गर्नुहोस् । तपाईंले तयार पारेको अभिव्यक्तिको न्युजप्रिन्ट सबैले देख्ने गरी अगाडि टाँस्नुहोस् । जुन जोडीको क्रमसङ्ख्या जति हो त्यही नम्बरको अभिव्यक्ति बारेमा त्यस जोडीमा रहनेले कुरा गर्नु पर्ने प्रष्ट्याउनुहोस् । सुरूमा हात मिलाएर उभिएका जोडीले ३० सेकेन्ड आफ्नो शीर्षकमा कुरा गरेपछि एउटा लाइनका विद्यार्थीले ठाउँ सर्नुपर्ने र अर्को लाइनका यथा स्थानमा उभिइरहनु पर्ने कुरा प्रष्ट्याउनुहोस् । सुरूको जोडीले ३० सेकेन्ड कुरा गरेपछि सर्ने लाइनको क्रम सङ्ख्या १ अर्को लाइनको अन्तिम साथीसँग जोडी बन्न गई कुरा गर्नुपर्ने हुन्छ । यसका लागि सर्ने लाइनका प्रत्येक विद्यार्थीलाई एक एक स्थान सर्न लगाई नयाँ जोडी बनाएर आ-आफ्नो शीर्षकमा कुरा गर्न लगाउनुहोस् । यसरी सर्दै नयाँ जोडीमा कुरा गर्दै जाँदा सर्ने लाइनको क्रम सङ्ख्या १ स्थिर लाइनको क्रम सङ्ख्या २ सँग जोडी बनेर आ-आफ्नो शीर्षकमा कुरा हुँदा लाइनका सबै विद्यार्थीले अर्को लाइनका सबैसँग कुरा गर्ने अवसर पाइसकेका हुन्छन् र खेल टुङ्गिन्छ ।
- खेल कस्तो लाग्यो ? सोध्नुहोस् र Non-moveable group का कुनै २ जना विद्यार्थीलाई आफ्नो साथीबाट जानकारी भएका कुनै दुई ओटा विषयवस्तु बारेमा भन्न लगाउनुहोस् ।

लक्ष्य निर्धारणको यो उदाहरण पनि जानकारी गराऔं :

| | |
|---|---|
| भावी लक्ष्य | पोखरा घुम्न जाने |
| लाग्ने खर्च | रु. १०,००० |
| समय | ५ वर्ष भित्रमा |
| कसरी | बचत र व्यवसाय गरेर |

| समय | कमाउने योजना | कमाइने रकम |
|---|---|---|
| पाँच वर्षमा | दैनिक २ रूपियाँका दरले बचत गर्ने | रु. ३,६५० |
| एक वर्षमा | साना कक्षाका बालबालिकालाई ट्युसन पढाएर मासिक रु. ६०० का दरले कमाइ गर्ने | रु. ७,२०० |
| | जम्मा | रु. १०,८५० |

**पाठ शीर्षक :** # म र मेरो विश्व

**परिचय :**

सूचना र प्रविधिले हाल विश्वलाई साँघुरो बनाउँदै ल्याएको कुरा नकार्न सकिँदैन । अमेरिकामा कुनै घटना भएको केही मिनेटमै हामीलाई थाहा हुन्छ । कुन देशमा कस्तो मौसम छ भन्ने कुरा तत्कालै विक्कीपिडीयामा सर्च गर्न सकिन्छ । यस्तै कहाँ प्राकृतिक प्रकोप भयो, तत्कालै थाहा हुन्छ । आधुनिक प्रविधि थाहा नपाउने मान्छेलाई विश्वमा टिक्न नै कठिन भइसक्यो । विश्वको कुनै कुनामा परेको असर हामीलाई पनि पर्न सक्छ । भारतमा आएको हुद्हुदले नेपालको हिमाली क्षेत्रमा ट्रेकिङमा जाने समूहलाई नै हिमपात र हिम पहिरोलेपुरेका घटना टड्कारा छन् । यसैले एक देशका मानिस र अरू देशका मानिस बिच सूचना आदान प्रदान गरी एक आपसमा पारस्परिक सहयोग गर्नु गराउनु हाम्रोलागि अनिवार्य भइसकेको छ । 'वसुदैव कुटुम्बकम्' भन्ने हाम्रो शास्त्रको भनाइ यस बेला झन सार्थक भएको छ । यिनै कुराहरूलाई मध्यनजर राखेर विश्वव्यापीकरण सम्बन्धी जानकारी गराउने हेतुले यो यो पाठ यस तहमा समावेश गरिएको हो ।

**उद्देश्य : यस पाठको अन्त्यमा विद्यार्थी निम्न कार्य गर्न सक्षम हुनेछन् :**

- विश्वमा आपसी सहयोग आदान प्रदान गर्नु पर्छ भन्ने कुरा मनन गर्न,
- विज्ञान र प्रविधिले विकास गरेका आधुनिक उपकरणहरूले विश्वलाई साँघुरो पारेको कुरा मनन गर्न,
- विश्वमा आफ्नो स्थान पत्ता लगाउन ।

**सामग्री :** मेटाकार्ड, साइनपेन, मार्कर, न्युजप्रिन्ट, टेप आदि ।

**क्रियाकलाप नं ५ : अपसी सहयोग**

**समय :** १५ मिनेट

**पूर्व तयारी :** पाठमा रहेको चार्ट राम्रोसँग अध्ययन गरिराख्नुहोस् ।

**ध्यान दिनुपर्ने कुरा**

यो पाठ विश्व समुदायकसँग आपसी सम्बन्ध बढाउने कुरासँग सम्बन्धित छ । सम्बन्ध बढाउने माध्यम र साधनका रूपमा इन्टरनेट, फेसबुक, इमेल, मोबाइल, ट्याबलेट आदिलाई लिइएको कुरा प्रष्ट पार्नुहोस् ।

**प्रक्रिया :**

- विद्यार्थीहरूलाई चार समूहमा विभाजन गर्नुहोस् ।
- पाठको तालिकामा दिइएका जानकारीहरूमा छलफल गर्न लगाउनुहोस् ।
- समूहलाई काम गर्ने शीर्षक तोकिदिनुहोस् ।
- सम्बन्धित शीर्षकमा समेटिनु पर्ने कुराहरूको निर्देशन दिएर छलफल गरी न्युजप्रिन्टमा बुँदाहरू टिपोट गर्न लगाउनुहोस् ।
- समूहको प्रतिवेदन पालैपालो प्रस्तुत गर्न लगाउनुहोस् ।
- क्रियाकलापको निष्कर्ष दिनुहोस् ।

**क्रियाकलाप ६ : मेरो स्थान**

**समय :** १५ मिनेट

**पूर्व तयारी :** विश्वको नक्सामा नेपाल र आफ्नो स्थान पत्ता लगाइ राख्नुहोस् ।

**ध्यान दिनुपर्ने कुरा**

यो पाठ विश्वमा आफ्नो स्थान पहिचान गर्न र अरूको स्थानसँग सम्बन्ध विस्तार गर्नसँग सम्बन्धित छ । यसले एक देशको कुनै स्थानमा बस्ने व्यक्तिले विश्वको कुनै पनि स्थानमा बस्ने मानिससँग सम्बन्ध विस्तार गरेर आपसी सहयोग आदान प्रदान गर्ने कुराहरू पनि यस अन्तर्गत पर्दछन् ।

**प्रक्रिया :**

- पाठमा रहेको विश्वको नक्सा हेर्न लगाएर व्यक्तिगत रूपमा विद्यार्थीको विवरण तयार पार्न लगाउनुहोस् ।
- विवरणमा महादेश, आफ्नो देश, विकास क्षेत्र, अञ्चल, जिल्ला, गाविस/नपा, वडा नं., टोल र आफ्नो नाम आदि लेख्नु पर्ने कुरा प्रष्ट्याइ दिनुहोस् ।
- आफूलाई सहयोग गर्ने स्थानीय र बाहिरका व्यक्तिहरूको नाम लेख्न पनि भन्नुहोस् । ती व्यक्तिहरूले आफूलाई गरेको सहयोग पनि लेख्न लगाउनुहोस् । आफूले उनीहरूलाई गरेको सहयोग पनि लेख्न लगाउनुहोस् ।
- तिन चार जना स्वयम्सेवकलाई आफूले तयार पारेको विवरण प्रस्तुत गर्न लगाउनुहोस् ।

**क्रियाकलाप नं ७ : वातावरण संरक्षण सचेतना (सामुदायिक कार्य)**

**समय :** ४५ मिनेट

**पूर्व तयारी :** न्युजप्रिन्ट, एफोर पेपर, साइनपेनको व्यवस्था गरिराख्नुहोस् ।

**ध्यान दिनुपर्ने कुरा**

यो पाठ वातावरण सुधार र संरक्षणसँग सम्बन्धित छ । विश्वको प्रत्येक मानिस यसप्रति सचेत भयो भने हाम्रो र विश्वको पर्यावरण सफा र स्वच्छ हुन्छ भन्ने तर्फ पाठलाई मोड्नुहोस् ।

**प्रक्रिया :**

- घर नजिकनजिक हुने विद्यार्थीहरूलाई समावेश गरी पाँच समूह बनाउनुहोस् ।
- गोला प्रक्रियाद्वारा समूहमा गर्नु पर्ने कामको शीर्षक बाँडिदिनुहोस् ।
- शीर्षक अन्तर्गत गर्नुपर्ने कामलाई प्रष्ट पारिदिनुहोस् ।
- समूह कार्य अन्तर्गत सामग्री निर्माण गर्दा सहयोग पुर्‍याउनुहोस् ।
- सामुदायिक कार्य योजना पनि बनाउन लगाउनुहोस् । उनीहरूले बनाएको योजनालाई विशेष ध्यान दिनुहोस् ।
- कक्षाको समयावधि भित्र समूह कार्यलाई प्रस्तुत गराउनुहोस् । आवश्यक सुझाव दिएर परिमार्जन गराउनुहोस् ।
- विद्यार्थीले बनाएका सामग्रीहरूलाई उनीहरूले बनाएको योजना अनुरूप सामुदायिक कार्यक्रमका आगामी शनिबार अरू शिक्षकहरू र विद्यार्थीहरूलाई पनि समावेश हुन अनुरोध गर्दै सामुदायिक कार्य गर्ने तय गर्नुहोस् ।
- शनिबारको सचेतना कार्यक्रममा भ्याएसम्म सबै समूहमा सहभागी हुनुहोस् ।
- विद्यार्थीहरूले गरेको सामुदायिक कार्यको प्रतिवेदन अध्ययन गरी पछिल्लो दिनको कक्षामा समीक्षा गराउनुहोस् ।

**पाठ शीर्षक :** # वित्तीय निर्णय प्रक्रिया

**परिचय :**

वित्तीय निर्णय गर्नु पूर्व समालोचनात्मक तरिकाले सोच्नु आवश्यक हुन्छ । समालोचनात्मक भन्नाले निर्णय गर्दा प्राप्त हुन सक्ने सकारात्मक र सुधार गर्नुपर्ने पक्षलाई केलाउनु हो । हतारमा गरिएको निर्णयले कार्य सफलता प्राप्त गर्न कठिन हुन्छ । त्यसको नतिजा अपेक्षा गरेअनुरूप नहुन सक्छ । समस्यालाई केलाएर समाधानका विकल्पहरूका परिणाम र अनुभूतिहरू सकारात्मक हुने गरी एउटा निश्चित ढाँचामा निर्णय गर्नु आवश्यक हुन्छ । मानिसले जीवनका विभिन्न मोडहरूमा सही निर्णय लिनु पर्ने अवस्था आउँछ । यस्ता निर्णयहरू गर्न टेवा पुऱ्याउने हेतुले यो पाठ यस तहमा समावेश गरिएको हो ।

**उद्देश्य : यस पाठको अन्त्यमा विद्यार्थी निम्न कार्य गर्न सक्षम हुनेछन् :**

- निर्णय गर्नु पूर्व समालोचनात्मक चिन्तनका विभिन्न पक्षहरू पहिचान गर्न,
- निर्णय गर्नु पूर्व समस्या, विकल्पहरू, परिणाम र अनुभूति विश्लेषण गर्न,
- निश्चित ढाँचामा आधारित भई निर्णयहरू गर्न ।

**सामग्री** : मेटाकार्ड, साइनपेन, मार्कर, न्युजप्रिन्ट, टेप आदि ।

**क्रियाकलाप नं ८ : सोचेर निर्णय गरौं**

**समय** : २० मिनेट

**पूर्व तयारी** : सामग्रीमा दिइएका ८ ओटा अभिव्यक्तिहरू एक-एक ओटा मेटाकार्डमा लेखेर राख्नुहोस् ।

**प्रक्रिया :**

- मेटाकार्डहरूलाई १, २, ३ .... गर्दै क्रम मिलाएर राख्नुहोस् ।
- एक जना विद्यार्थीलाई बोलाएर १ नम्बरको मेटाकार्ड दिनुहोस् ।
- उसलाई त्यो पढेर त्यस सम्बन्धी जानकारी प्रष्ट पार्न लगाउनुहोस् ।
- अर्को विद्यार्थी बोलाएर २ नम्बर कार्ड दिई त्यसै गर्न लगाउनुहोस् ।
- यसरी नै सबै कार्ड पढ्न र प्रष्ट्याउन लगाउनुहोस् ।
- दिइएको व्यवसाय भन्दा भिन्न प्रकृतिको कुनै अर्को एक व्यवसायका बारेमा पाठमा रहेको ढाँचा प्रयोग गर्दै निर्णयमा पुग्न लगाउनुहोस् । *यो कार्य समूहमा गर्न लगाउनुहोस् ।*
- उनीहरूले गरेका क्रियाकलापको मूल्याङ्कन गरी पृष्ठपोषण दिनुहोस् ।

**क्रियाकलाप नं ९ : हाम्रो निर्णयको ढाँचा**

**समय** : ४५ मिनेट

**पूर्व तयारी :**

निर्णयको ढाँचाको उदाहरण अध्ययन गरी प्रष्ट हुनुहोस् । चल्ती, बचत, मुद्धती खाताहरू, शेयर, म्युचुअल फन्ड, विद्युतीय कार्ड र इन्टरनेट बैकिङ, नगद भुक्तानी रसिद आदि सम्बन्धी जानकारीहरू अध्ययन गरिराख्नुहोस् ।

**प्रक्रिया :**

- विद्यार्थीहरूलाई तलका प्रश्नहरू सोध्नुहोस् :

  (क) समस्याको पहिचान कसरी गर्नु पर्छ ?

  (ख) विकल्पहरूको खोजी र परीक्षण गर्ने प्रक्रिया के हो ?

  (ग) निर्णय गर्दा परिणामको आँकलन तपाईँ कसरी गर्नु हुन्छ ?

- यी र यस्तै प्रश्नोत्तरको माध्यमबाट सामग्रीको सुरूमा दिइएका जानकारीमूलक कुराहरू प्रष्ट पारिदिनुहोस् ।
- निर्णय गर्ने ढाँचाको उदाहरण प्रष्ट्याइ दिनुहोस् ।
- विद्याथीहरूलाई चार समूहमा राखेर निर्णय गर्नु पर्ने शीर्षकहरू निम्नानुसार बाँडिदिनुहोस् :

| समूह | निर्णय गर्नुपर्ने शीर्षक |
|---|---|
| (क) | पैसा जम्मा गर्ने खाता खोल्ने<br>विकल्पहरू : चल्ती, बचत, मुद्दती |
| (ख) | पैसा छ लगानी कहाँ गर्ने ।<br>विकल्पहरू : सेयर खरिद, म्युचुअल फण्डमा लगानी, ऋणपत्र खरिद |
| (ग) | पैसा चाहियो कहाँबाट लिने<br>विकल्पहरू : बैङ्क, सहकारी, व्यापारी |
| (घ) | आफ्ना खाताको पैसा कसरी झिक्ने<br>विकल्पहरू : एटिएम कार्ड, चेक, नगद भुक्तानी रसिद **(Withdrawal slip)** |

- उदाहरण अनुसारको ढाँचा न्युजप्रिन्टमा बनाउन लगाएर प्रस्तुत गर्न लगाउनुहोस् ।
- चल्ती, बचत, मुद्दती खाताहरू, शेयर, म्युचुअल फन्ड, विद्युतीय कार्ड र इन्टरनेट बैकिङ नगद भुक्तानी रसिद आदि सम्बन्धी जानकारीहरू प्रश्नोत्तरका माध्यमबाट प्रष्ट पारिदिनुहोस् ।
- विद्यार्थीको क्षमता आँकलन गर्न समूह छलफल, प्रश्नोत्तर आदि क्रियाकलापमा आधारित रही मूल्याङ्कन गर्नुहोस् ।

**क्रियाकलाप नं १० : कहाँ बस्ने ?**


**समय :** २५ मिनेट

**पूर्व तयारी :** खेल खेलाउने नियमहरू अध्ययन गरिराख्नुहोस् । आवश्यक सामग्रीहरू व्यवस्था गर्नुहोस् ।

**प्रक्रिया :**

- विद्यार्थीहरूलाई चउरमा लानुहोस् ।
- विद्यार्थीको सहयोगमा ९ ओटा कुर्सी ल्याउन लगाउनुहोस् । कुर्सीलाई तिन लहरमा मिलाएर राख्न लाउनुहोस् ।
- विद्यार्थीलाई बराबर हुने गरी दुई लाइनमा कुर्सी तर्फ फर्काएर उभ्याउनुहोस् ।
- विद्यार्थी र कुर्सी बिचमा दुई मिटरको फरक राखेर चिनो लगाउनुहोस् ।
- खेलको नियम बताउनुहोस् ।
- कुर्सीमा बस्दा एउटा समूहका सहभागीहरूलाई हात बाँधेर र अर्को समूहकालाई दुवै हात टाउकोमा राखेर बस्नु पर्ने जानकारी गराउनुहोस् ।

- ताली बजाएर खेल सुरू गर्नुहोस् ।
- क्रमशः दुई दुई जनालाई तालीको आवाज पछि कुर्सीमा बस्न लगाएर सबै कुर्सी भराउनुहोस् ।
- ठाडो, तेर्सो र छड्के तरिकाले हेर्दा एउटै समूहले सहभागीद्वारा कता कता भरियो १/१ अङ्क दिँदै जानुहोस् ।
- बसेका सबैलाई उठाएर आ आफ्नो लाइनको पछाडि गई उभिन लगाउनुहोस् ।
- दुवै लाइनका सबै विद्यार्थीको पालो नसकिएसम्म खेल खेलाउनुहोस् ।
- सबै भन्दा बढी अङ्क ल्याउने समूहलाई विजयी धोषित गर्नुहोस् ।
- यो खेललाई आर्थिक निर्णयसँग जोडेर समीक्षा गर्नुहोस् ।
- समिक्षा गर्दा सहकार्य, सूचना, फाइदा, शिघ्रता, समन्वय आदि पक्षहरूलाई ख्याल गर्नुपर्ने कुरा प्रष्ट पार्नुहोस् ।
- कुनै पनि वित्तीय निर्णय गर्दा यो खेल जित्नका लागि अपनाएका सोच र प्रयासलाई अनुसरण गर्न सुझाव दिनुहोस् ।



- कुन व्यवसाय रोज्ने ? लगानीका लागि पैसा कहाँबाट प्राप्त गर्ने । उद्यम सफल पार्न के के प्रयास गर्ने । बजार व्यवस्थापन कसरी गर्ने  आदि प्रश्नहरूको समाधान यसै क्रियाकलापका आधारमा गर्न सकिने कुराहरू जानकारी गराउनुहोस् ।

**सिकौँ र सिकाऔँ :**

- प्रत्येक निर्णय गर्नुपूर्व समालोचनात्मक तरिकाले सोच्ने गरौं ।
- एउटा विकल्पमा निर्णय गर्नुपर्दा त्यसका सकारात्मक र नकारात्मक पक्षहरूलाई केलाउने गरौं ।
- सकारात्मक परिणाम प्राप्त हुने विकल्पलाई निर्णयार्थ लिने गरौं ।
- सही विकल्पले सकारात्मक परिणाम र सुखद् अनुभूति दिलाउँछ ।
- अनुभूति दुखद् हुने विकल्प लिएर निर्णय गरियो भने त्यसले आफूलाई नै आघात पुऱ्याउँछ ।
- आफ्नो हित हुने तर अरुको अहित नहुने विकल्प छनोट गरेर निर्णय गर्न सक्नु पर्छ ।
- अरुको अहित नहुने गरी गरिएको निर्णयलाई लिएर कसैले पनि विरोध गर्दैन । यसले आफूलाई पनि सुखद् अनुभूति दिलाउँछ ।
- वित्तीय निर्णय गलत हुन गयो भने यसले आफूलाई घाटा गराउँछ । यसो हुँदा वित्तीय कारोबारमा सफल हुने निश्चितता भएपछि मात्र यसलाई कार्यान्वयनमा ल्याउने निर्णय गर्नुपर्छ ।

**पाठ शीर्षक :** # नेतृत्व विकास र समूह कार्य

**परिचय :**

सामूहिक लक्ष्य प्राप्तिका लागि सही तरिकाले पथ प्रदर्शन गर्नु नेतृत्व हो । यसले योजना निर्माणदेखि रणनीति तयार पार्ने, योजनालाई कार्यान्वयन गराउने, यसको अनुगमन र मूल्याङ्कन गर्ने आदि सबै कार्यमा अग्रणी भूमिका खेल्दछ । नेतृत्व गर्नेले आफ्नो मात्र हित हुने कामहरू नगरी समूहका सबै साथीहरूको नेतृत्व सम्बन्धी क्षमता विकास गर्ने तर्फ अग्रसर हुनु पर्छ । यसो गर्नाले नेतृत्वमा निरन्तरता आउँछ । यसले व्यक्तित्व विकास र सामाजिक सुधार गर्ने कार्यमा योगदान प्रदान गर्छ । नेतृत्व पारदर्शी हुनुपर्छ । यो अनुकरणीय पनि हुनुपर्छ । यसले सर्वजन हितायको सिद्धान्त अपनाएको हुनुपर्छ । यसरी गरिने साना साना कामहरूको नेतृत्वले नै देश विकासको जग बसाउन सक्छ । यसरी माध्यमिक तहदेखि नै नेतृत्व विकास गराउने हेतुले यस पाठलाई यहाँ समावेश गरिएको हो ।

**उद्देश्य : यस पाठको अन्त्यमा विद्यार्थी निम्न कार्य गर्न सक्षम हुनेछन् :**

- नेतृत्वको परिभाषा बताउन,
- असल नेतृत्वका गुणहरू पहिचान गर्न,
- स्तर अनुसारको नेतृत्व लिन र दिन ।

**सामग्री :** मेटाकार्ड, साइनपेन, मार्कर, न्युजप्रिन्ट, टेप आदि ।

**क्रियाकलाप नं ११ : सफलताको कथा**

**समय :** १५ मिनेट

**पूर्व तयारी :** नेतृत्व वृक्ष अध्ययन गर्नुहोस् । समुन्नत बाल क्लब बारे थाहा पाइराख्नुहोस् ।

**प्रक्रिया :**

- एक जना विद्यार्थीलाई इसाको सफलताको कथा सबैले सुन्ने गरी पढ्न लगाउनुहोस् ।
- विद्याथीहरूलाई तिन समूहमा विभाजन गर्नुहोस् ।
- समूह 'क' लाई नेतृत्वको परिभाषा लेख्न लगाउनुहोस् ।
- समूह 'ख' लाई इसाको सफलताका व्यवहारहरूको सूची तयार गर्न लगाउनुहोस् ।
- समूह 'ग' लाई बालक्लब सञ्चालनका रणनीति तयार पार्न लगाउनुहोस् ।
- पालैपालो सबै समूहलाई प्रस्तुत गर्न लगाउनुहोस् ।

**क्रियाकलाप नं १२ : असल नेतृत्वका गुणहरू**

**समय :** २० मिनेट

**पूर्व तयारी :**

नेतृत्व घर अध्ययन गरिराख्नुहोस् ।

**प्रक्रिया :**

- विद्याथीहरूलाई रमाइलो तरिकाले चार समूहमा विभाजन गर्नुहोस् ।
- पाठमा दिइएका शीर्षकहरू समूहहरूलाई बाँडिदिनुहोस् ।
- जिम्मेवारीलाई नेतृत्वदायी घरमा उल्लेखित गुणहरूका आधारमा छलफल गर्न लगाई न्युजप्रिन्टमा योजना बनाउन लगाउनुहोस् ।

- सबै समूहलाई पालैपालो प्रस्तुत गर्न लगाउनुहोस् ।

**क्रियाकलाप नं १३ : नेता चिनौं**

**समय** : १० मिनेट

**पूर्व तयारी** : क्रियाकलाप सञ्चालन प्रक्रिया थाहा पाइराख्नुहोस् ।

**प्रक्रिया** :

- कक्षामा रहेका विद्यार्थीहरू मध्ये आदा जसोलाई कक्षा बाहिर पठाउनुहोस् ।
- भित्र रहेका मध्ये एक जनालाई नेताको अभिनय गर्न लगाउनुहोस् जस्तैः टाउकोमा हात राख्ने, हात बाँध्ने, ताली बजाउने आदि । नेता सँगसँगै अरू विद्याथीहरूलाई पनि हाउभाउ नक्कल गर्न लगाउनुहोस् ।
- केही समय अभ्यास गरेपछि बाहिर रहेका विद्यार्थीहरूलाई पनि कक्षा भित्र बोलाउनुहोस् ।
- भित्र रहेका विद्याथीहरूलाई नेताको अगुवाइमा बाहिरबाट आउनेले थाहा नपाउने गरी हाउभाउ प्रस्तुत गर्न लगाउनुहोस् ।
- बाहिरबाट आउनेलाई सल्लाह गरेर एकै पटकमा नेता चिन्न लगाउनुहोस् । उनीहरूले नेता चिन्न सके भने भित्र बस्ने समूहका प्रत्येकलाई नेतृत्व, नेतृत्वका गुण र सिप सम्बन्धी उपशीर्षकहरूबाट एक एक ओटा जानकारीमूलक बुँदाहरू भन्न लगाउनुहोस् ।
- उनीहरूले नेता चिन्न सकेनन भने उनीहरूलाई नै नेतृत्व, नेतृत्वका गुण र सिप सम्बन्धी उपशीर्षकहरूबाट एक एक ओटा जानकारीमूलक बुँदाहरू भन्न लगाउनुहोस् ।
- यस क्रियाकलापको निष्कर्ष बताइदिनुहोस् ।

**नेतृत्व विकासका लागि गर्न सकिने अरु क्रियाकलापहरू**

**निम्नानुसारका अवस्थामा विद्यार्थीले व्यक्तिगत वा सामूहिक रूपमा नेतृत्व लिई सबैको हित हुने किसिमले सर्वसम्मत हुने गरी के कस्ता निर्णयहरू गर्नु उपयुक्त हुन्छ ? यी सबै शीर्षकहरू अन्तर्गत गर्नुपर्ने नेतृत्वदायी कामहरूबारे छलफल गराउनुहोस् :**

- पारिवारिक बजेट बनाउने सम्बन्धमा
- आज तरकारी के खाने भन्ने सम्बन्धमा
- परिवारका सदस्यबिच काम बाँडफाँड गर्ने सम्बन्धमा
- घर, परिवार र समुदाय वरिपरि सरसफाइ सम्बन्धमा
- बाल क्लव सञ्चालन गर्ने सम्बन्धमा
- प्रतिनिधिमण्डल जाने सम्बन्धमा
- अतिरिक्त क्रियाकलाप गर्ने सम्बन्धमा
- आयआर्जन गर्ने उद्यम सञ्चालन गर्ने सम्बन्धमा
- खानेपानी बचत गर्ने सम्बन्धमा
- घरायसी सामग्री खरिद गर्ने सम्बन्धमा

**पाठ शीर्षक :** # बाल अधिकार र जिम्मेवारी

**परिचय :**

बालआधिकार सम्बन्धी महासन्धिले बाँच्न पाउने, सुरक्षा पाउने, विकास गर्न पाउने र सहभागी हुन पाउने बालअधिकार विभिन्न धाराहरूमा सुरक्षित गरेको छ । यी अधिकारहरूको संरक्षण गर्न नेपाल सरकारले पनि प्रतिवद्धता जाहेर गरिसकेको छ । यति हुँदा हुँदै पनि बालअधिकारको हनन् भइरहेका छन् । यस्तो अवस्था कतिपय बाद्ध्यात्मक परिस्थितिले ल्याइरहेको छ भने कतिपय स्थानमा बालअधिकार को हनन् जानजान भइरहेको छ । विपन्नताको कारणले घरपरिवारमा बालअधिकारको हनन हुनुलाई बाध्यात्मक परिस्थितिको रूपमा लिन सकिन्छ भने बाल हिंसा र शोषण जानाजानी पनि गरिन्छ । आफ्नो स्वार्थका कारणले बालशोषण र हिंसा गर्ने गरिन्छ । यसो गर्ने व्यक्ति वा संस्थालाई कानुनले छुट दिँदैन । बालबालिका तथा किशोर किशोरीहरूले पनि आफ्नो अधिकारको उपयोग गर्दा कर्तव्यलाई भुल्नु हुँदैन । माध्यमिक तहमा पुगेका विद्यार्थीहरूलाई बालअधिकार संरक्षण सम्बन्धी आधारभूत जानकारीहरू र उनीहरूका अधिकार र जिम्मेवारी बोध गराउन आवश्यक भएकाले यस तहमा यो पाठ समावेश गरिएको हो ।

**उद्देश्य : यस पाठको अन्त्यमा विद्यार्थी निम्न कार्य गर्न सक्षम हुनेछन् :**

- बालअधिकार संरक्षण गर्ने उपायहरू पहिचान गर्न,
- बाल हिंसा र शोषणबाट आफू बच्न र अरूलाई बचाउन,
- आफ्नो बालअधिकार प्राप्त गर्ने क्रममा जिम्मेवारी पनि वहन गर्न,
- आफ्ना आवश्यकता र चाहना छुट्याउन ।

**सामग्री :** मेटाकार्ड, साइनपेन, मार्कर, न्युजप्रिन्ट, टेप आदि ।

**क्रियाकलाप नं १४ : मतदान गरौं**

**समय :** २० मिनेट

**पूर्व तयारी :** मतदान पत्रका लागि कागजका टुक्राहरू तयार पार्नुहोस् । भनाइहरूलाई न्युजप्रिन्टमा लेखेर राख्नुहोस् । मतदानका लागि **Yes** र **No** लेखेका छुट्टा छुट्टै बाकस तयार गर्नुहोस् ।

**प्रक्रिया :**

- सबै विद्यार्थीलाई १२/१२ ओटा मत पत्रको लागि तयार गरेको काजका टुक्राहरू दिनुहोस् ।
- पहिलो भनाइ पढ्नुहोस् ।
- विद्यार्थीहरूलाई १ नम्बर लेख्न लगाई यस भनाइमा आफू सहमत भए **Yes** र असहमत भए **No** उल्लेख भएको बाकसमा मतदान गर्न लगाउनुहोस् ।
- यसै गरी २ नम्बरको भनाइ पढेर सुनाउनुहोस् । विद्यार्थीलाई मतपत्रमा २ लेख्न लगाएर अघिको जस्तै मतदान गर्न लगाउनुहोस् ।
- यसै गरेर १२ ओटै भनाइ पढ्दै मतदान गर्न लगाउनुहोस् ।
- विद्यार्थीहरूलाई दुई समूहमा बाँडनुहोस् ।
- एउटा समूहलाई **Yes** र अर्को समूहलाई **No** लेखिएको बाकस जिम्मा दिनुहोस् ।
- पाठमा दिइएको तालिका तयार गर्न लगाई मत गणना गर्न लगाउनुहोस् ।
- **Yes** र **No** मा खसेका मतहरूको सङ्ख्या तुलना गरेर हेर्न सहयोग गर्नुहोस् ।
- खसेको मतको आधारमा बालअधिकार संरक्षण भए नभएको कुरा छलफल गराएर पुष्टि गर्नुहोस् । पुष्टि गर्दा १२ ओटा नै भनाइहरूमा खसेको मतका आधारमा गराउनुहोस् ।

**क्रियाकलाप नं १५ : अभिनय गरौँ**

**समय** : २५ मिनेट

**पूर्व तयारी** : पाठमा दिइएका अवस्थाहरूलाई अलगअलग मेटाकार्डमा लेखेर तयार पारिराख्नुहोस् । समूह विभाजन गर्ने र काम दिने कुरा थाहा पाइराख्नुहोस् ।

**प्रक्रिया** :

- कुनै रमाइलो तरिकाले चार समूह विभाजन गर्नुहोस् ।
- समूहलाई मेटाकार्डमा लेखेको एक-एक ओटा अवस्थाहरू जिम्मा लगाउनुहोस् ।
- अभिनयको योजना बनाउन लगाउनुहोस् ।
- समूहका सबैलाई योजना निर्माण र अभिनय तयार गर्न सक्रिय बनाउनुहोस् ।
- अभिनय प्रस्तुीतकरण पूर्व रिहर्सल गर्न लगाउनुहोस् ।
- पालैपालो सबै समूहको अभिनय प्रस्तुत गर्न लगाउनुहोस् ।
- बाल अधिकार हनन सम्बन्धी थप जानकारीहरू सङ्कलन गरी प्रष्ट्याउनुहोस् ।
- क्रियाकलापको निष्कर्ष दिनुहोस् ।

**क्रियाकलाप नं १६ : अधिकार र कर्तव्य खेल**

**समय** : २५ मिनेट

**पूर्व तयारी** : पाठमा भएका बालअधिकार र कर्तव्य सम्बन्धी सामग्रीलाई एउटा मेटाकार्डमा एउटाका दरले बायाँपट्टि अधिकार र त्यसैको दायाँपट्टि कर्तव्य उल्लेख गरेर ८ ओटा कार्ड तयार पार्नुहोस् ।

**प्रक्रिया** :

- बालअधिकार र कर्तव्य लेखिएका मेटाकार्डहरूलाई कक्षाको अगाडि टेबलमा चाङ लगाएर राख्नुहोस् ।
- कुनै एक जना विद्यार्थीलाई अगाडि बोलाएर एउटा मेटाकार्ड दिनुहोस् । उनलाई त्यसमा लेखिएको अधिकार सबैले सुन्ने गरी पढ्न लगाउनुहोस् । पढेर सुनाइएको अधिकार सम्बन्धी कर्तव्य के हुन सक्छ भन्ने प्रश्नमा अरू विद्याथीहरूलाई उत्तर भन्न लगाऊ भनेर निर्देशन दिनुहोस् । अन्त्यमा त्यही कार्डमा लेखेको कर्तव्य पढेर सुनाउन लगाउनुहोस् ।
- यसरी नै पालैपालो कहिले अधिकार कहिले कर्तव्य पढ्न लगाएर अरु विद्यार्थीहरूबाट उत्तर भन्न लगाई ८ ओटै अधिकार र कर्तव्यमा अभ्यास गराउनुहोस् । यस बाहेक तलका अरु अधिकार र जिम्मेवारीहरू बारेमा पनि यही अभ्यास गराउनुहोस् :

| अधिकार | जिम्मेवारी |
|---|---|
| आफ्ना विचार र अनुभूति व्यक्त गर्न पाउनु पर्छ । | • अरूका विचार र अनुभूतिको सम्मान गर्नु पर्छ । आफू त्यसमा सहमत नभए पनि विरोध गर्नु हुँदैन ।<br>• आफ्ना विचार र अनुभूतिहरू अरुसँग सेयर गर्नुपर्छ ।<br>• आफ्ना भनाइले अरूका भनाइमा आघात पुऱ्याउँनु हुँदैन । |
| फुर्सदमा खेल्न र मनोरञ्जन गर्न पाउनु पर्छ । | • आफ्र सुरक्षित भएर खेल्नुपर्छ ।<br>• साथीहरूको सुरक्षालाई पनि ध्यान दिनुपर्छ ।<br>• खेलका नियमहरू पालना गर्नुपर्छ ।<br>• खेल्दा समयको ख्याल गर्नुपर्छ । |

| | |
|---|---|
| कसैले पनि शारीरिक र मानसिक सजाँय दिन पाउँदैन । सम्मानमा आँच आउने काम कसैबाट पनि हुनु हुँदैन । | • कसैले धम्की दियो वा सजाय दिने नियतले छुन मात्र खोज्यो भने विरोध गर्ने र अरुको सहयोग लिने गर्नुपर्छ । घर छोड्नु पहिले आफू कहाँ जाने हो ? संरक्षकलाई भन्नु पर्छ । आफू प्रति अन्याय भएको कुरा बाबु आमासँग भन्न नसक्दा शिक्षक, काका, काकी, मामा, माइजू वा आफूले विश्वास गरेको मानिसलाई भन्नु पर्छ ।<br>• नचिनेका मानिससँग कुरा गर्ने र सँगै यात्रा गर्ने गर्नु हुँदैन ।<br>• कसैले पिट्न वा अपहरण गर्न खोज्यो भने अरुले सुन्ने गरी "यो मेरो बाबु/आमा होइन मलाई जबर्जस्ती लाँदैछ" भनेर चिच्याउनु पर्छ । |
| आफ्नो संस्कृति सम्बन्धी कुराहरू सिक्न पाउनु पर्छ । | संस्कृति सम्बन्धी सिकाइ हुने स्थलहरूमा भाग लिने समय निकाल्न सक्नु पर्छ । |
| पर्याप्त सफा पानी पाउनु पर्छ । | पानी खेर फाल्नु हुँदैन । |
| बस्नका लागि घर पाउनु पर्छ । | घर सफा सुग्घर राख्नु पर्छ । |

- यस क्रियाकलापको निष्कर्ष दिनुहोस् ।

बाल सहभागिता सम्बन्धी तलका खुड्किलाहरूलाई अध्ययन गरौं । कुन खुड्किला अनुसारको व्यवहार सबैभन्दा बढी सहभागितामूलक देख्नु हुन्छ कारण सहित विद्यार्थीलाई प्रष्ट्याउनुहोस् । यस क्रियाकलाप सम्बन्धी छलफलमा विद्यार्थीलाई पनि सक्रियताका साथ सहभागिता गराउनुहोस् ।

**बालबालिकाले निर्णय गर्ने ठुलाले सल्लाह दिने**

**बालबालिका र ठुला दुवै मिलेर निर्णय गर्ने**

**बालबालिकालाई बोल्न दिने तर ठुलाले आफै निर्णय गर्ने**

**बालबालिकालाई सोधेर ठुलाले निर्णय गर्ने**

**बालबालिकालाई भनेर ठुलाले निर्णय गर्ने**

**बालबालिका राख्ने तर निर्णय ठुलाले गर्ने**

**बालबालिकाका लागि ठुलाले निर्णय गरिदिने**

**पाठ शीर्षक :** # आर्थिक अभियन्ताका रूपमा महिला

**परिचय :**

जन्मनु अघिनै शारीरिक बनोटले महिला वा पुरूष छुटिनुलाई सेक्स भनिन्छ । महिला र पुरूषले गर्नुपर्ने व्यवहार तथा चालचलनलाई सामाजिक संस्कारले तोकिदिन्छ वा गर्न बाध्य गराउँछ भने त्यसलाई जेन्डर भनिन्छ । महिला र पुरूषमा प्राकृतिक रूपमा मात्र भिन्नता छ । गर्भधारण गर्ने र स्तनपान गराउने कार्य महिलाले मात्र गर्न सक्छिन् भने शुक्रकीट प्रदान गर्ने काम पुरूषले मात्र गर्न सक्छन् । यस्ता जैविक विभेद बाहेक अरु सबै समाजले सिर्जना गरेका विभेदहरू हुन । समाजले नै चाहँदा ती विभेदहरू हटाउन सकिन्छ । समाजले सिर्जना गरेको महिला र पुरूष बिचको विभेद नै जेन्डर हो । जेन्डर सम्बन्धी परम्परागत गलत मान्यताहरू हाम्रो समुदायमा थेरै छन् । यिनीहरूलाई घरपरिवार, विद्यालय, उद्योग, कलकारखाना, कार्यालय, धार्मिक स्थल आदिबाट क्रमशः हटाउँदै लानु आवश्यक छ । यसका लागि महिला सशक्तिकरण, शिक्षामा पहुँच तथा सिकाइमा समान सहभागिता र सचेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्न जरूरी छ । महिला र पुरूषको सहकार्यले व्यक्ति, परिवार, समुदाय र राष्ट्रको उत्पादनशीलता बढ्छ । महिलालाई आर्थिक अभियान्ताका रूपमा अगाडि बढाएर परिवार, समुदाय र राष्ट्रको आर्थिक स्थिति प्रवल बनाउने हेतुले यस पाठलाई यो तहमा राखिएको हो ।

**उद्देश्य : यस पाठको अन्त्यमा विद्यार्थी निम्न कार्य गर्न सक्षम हुनेछन् :**

- लैङ्गिक भेदभावजनक व्यवहारहरू पहिचान गरी हटाउने तरिकाहरू बताउन,
- Sex, Gender, Equity, Equality, Gender role आदि शब्दावलीको अर्थ बताउन
- आर्थिक अभियन्ताका रूपमा महिलालाई अघि बढाउँदा गर्नु पर्ने उपायहरू बताउन ।

**सामग्री** : मेटाकार्ड, साइनपेन, मार्कर, न्युजप्रिन्ट, टेप आदि ।

**क्रियाकलाप नं २५ : कसरी सुधार गर्ने होला ?**

**समय** : २० मिनेट

**पूर्व तयारी** : क्रियाकलापलाई क्रमबद्ध तरिकाले अगाडि बढाउनका लागि आवश्यक जानकारी लिइ राख्नुहोस् । समूह कार्यका लागि कार्यविभाजन तयार पारिराख्नुहोस् ।

**प्रक्रिया :**

- विद्यार्थी क्रियाकलापको सुरूमा बाकसभित्र दिइएका जानकारीहरू प्रष्ट पारिदिनुहोस् ।
- समूह कार्य अन्तर्गत परम्परागत सोचाइलाई सुधार गर्ने तरिकाहरू सम्बन्धी छलफल र बुँदा टिपोट कार्यमा सहयोग गर्नुहोस् ।
- पालैपालो सबै समूहलाई प्रस्तुत गर्न लगाउनुहोस् । प्रस्तुतीकरणलाई सुझाव दिई सुधार गर्न लगाउनुहोस् ।
- सुधार गर्नुपर्ने परम्परागत अरु सोचाइ पनि छलफलमा ल्याएर सुधार गर्ने तरिकाहरूबारे जानकारी दिनुहोस् ।
- समूह कार्यमा विद्यार्थीको सहभागिता, सक्रियता, सहयोग, जिम्मेवारी बाँडफाँड, छलफलबाट निष्कर्षमा पुग्ने प्रक्रिया आदिको अवलोकन गरी मूल्याङ्कन गर्नुहोस् ।

**क्रियाकलाप नं १८** : परिभाषा लेखौं

**समय** : २० मिनेट

**पूर्व तयारी** : लिङग र लैङ्गीकता सम्बन्धी शब्द र परिभाषालाई अलग अलग मेटाकार्डमा लेखेर राख्नुहोस् ।

**प्रक्रिया :**

- अङ्ग्रेजीमा लेखेका मेटाकार्डहरूलाई एकतर्फ र परिभाषा लेखिएका मेटाकार्डहरूलाई अर्को तर्फ चाङ लगाएर राख्नुहोस् ।
- विद्यार्थीलाई रमाइलो तरिकाले पाँच समूहमा विभाजन गर्नुहोस् ।
- प्रत्येक समूहबाट एक जनालाई अगाडि बोलाउनुहोस् र अङ्ग्रेजीमा लेखेको एक एक ओटा मेटाकार्ड दिनुहोस् ।
- केहीबेर समूहमा छलफल गरी कापीमा परिभाषा लेखेपछि सबै समूहका एकएक जना विद्यार्थीलाई फेरि बोलाएर आफ्नो कार्डसँग मिल्ने परिभाषाको कार्ड चिनेर लैजान लगाउनुहोस् ।
- ठिक कार्ड लगे नलगेको चेक गर्नुहोस् ।
- पूर्ण वाक्यहरूमा आ आफ्नो समूहको परिभाषा अर्को मेटाकार्डमा लेख्न लगाउनुहोस् ।
- समूहले लेखेको परिभाषालाई पालैपालो प्रस्तुत गर्न लगाउनुहोस् । आवश्यक भए सुधार गरिदिनुहोस् ।
- विद्यार्थीलाई निम्नानुसारका प्रश्नहरू सोध्नुहोस् :

  (क) Sex र Gender मा के फरक छ ?

  (ख) Equity भनेको के हो ?

  (ग) समानतामा पुग्न समता जरूरी हुन्छ, किन ?

  (घ) महिलालाई किन आरक्षण दिनु परेको होला ? आफ्नो विचार भन्नुहोस् ।

**क्रियाकलाप नं १९ : घटना अध्ययन**

**समय** : २५ मिनेट

**पूर्व तयारी** : रोमिला र रोसनको घटना अध्ययन गरिराख्नुहोस् । बचत र शेयर बारे जानकारी लिइराख्नुहोस् । सम्भव भए ती सम्बन्धित सामग्री सङ्कलन गरिराख्नुहोस् ।

**प्रक्रिया :**

- विद्यार्थीलाई पाँच समूहमा बसाउनुहोस् ।
- विद्यार्थी क्रियाकलाप सामग्री सबै समूहलाई उपलब्ध गराइ दिनुहोस् ।
- प्रत्येक समूहका एक जनाले रोसन र रोमिलाको घटना अरु साथीहरूलाई पढेर सुनाउन लगाउनुहोस् ।
- घटना सम्बन्धमा कसैको जिज्ञासा भए प्रष्ट पारिदिनुहोस् ।
- घटनाको तल दिइएका पाँच ओटा प्रश्नहरूमा समूहहरूलाई राम्ररी छलफल गर्न सहयोग गर्नुहोस् ।
- सबै प्रश्नको जवाफ लेख्न लगाएर पालैपालो ठुलो समूहमा प्रस्तुत गर्न लगाउनुहोस् ।
- विद्यार्थीले गरेको प्रस्तुतीकरणमा रचनात्मक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

**क्रियाकलाप नं २० : जुहारी खेलौं**

**समय** : २० मिनेट

**पूर्व तयारी** :

विद्यार्थी सिकाइ सामग्रीमा दिइएका प्रश्नहरू मेटाकार्डमा लेखेर राखिराख्नुहोस् ।

**प्रक्रिया :**

- विद्यार्थीहरूलाई आमनेसामने हुने गरी दुई समूहमा राख्नुहोस् ।
- दुवै समूहका विद्याथीहरूलाई एकैनासे नम्बरद्वारा क्रमसङ्ख्या निर्धारण गर्नुहोस् ।
- खेलका नियमहरू सिकाइ सामग्री हेरर प्रष्ट पारिदिनुहोस् ।
- नियमपूर्वक जुहारी खेले नखेलेको अवलोकन गरी विद्यार्थीले प्रस्तुत गरेका विचारको आधारमा मूल्याङ्कन गरेर सुधार गर्न लगाउनुहोस् ।

**पाठ शीर्षक :** # उपभोक्ता शिक्षा

**परिचय :**

उत्पादक र उपभोक्ता, विक्रेता र क्रेता तथा सेवा प्रदायक संस्था र सेवाग्राही आदि दुवै पक्षका मानिसहरूको उत्पादन र उपभोगमा उत्तिकै दायित्व हुन्छ । उपभोक्ता शिक्षा भन्नाले प्रत्येक उपभोक्ताले वस्तु वा सेवा उपभोग गर्ने क्रममा त्यस सम्बन्धी आवश्यक जानकारी सेवा प्रदायक संस्था वा व्यक्तिबाट सम्मानसाथ पाउनु हो । वस्तु वा सेवा उपलब्ध गराउने संस्था वा व्यक्तिप्रति उपभोक्ताको पनि सम्मानजनक व्यवहार प्रस्तुत गरी यसको मूल्य तिर्नु पर्ने दायित्व हो । मानिसको स्वास्थ्य र सामाजिक मूल्य मान्यतामा नकारात्मक प्रभाव पार्ने वस्तुको उत्पादन, बिक्री वितरण र उपभोग गर्नु हुँदैन । यसो गर्न कानुनले पनि छुट दिंदैन । विज्ञापन गरिएका वस्तुको उपादेयता केलाएर मात्र खरिद गरी उपभोग गर्न उपभोक्ता सचेत रहनुपर्छ । जिम्मेवार उपभोक्ताले उपभोग सम्बन्धी आफ्ना अधिकारहरू प्राप्त गर्न प्रयास गर्नु पर्दछ । यस सम्बन्धी व्यवस्था उपभोक्ता ऐनमा समेत उल्लेख गरिएको छ ।

**उद्देश्य : यस पाठको अन्त्यमा विद्यार्थी निम्न कार्य गर्न सक्षम हुनेछन् :**

- सुसूचीत र जिम्मेवार उपभोक्ताको भूमिका निर्वाह गर्न ।
- अनियमित उत्पादन र सेवाहरूका बारेमा उजुरी गर्न ।
- अनावश्यक रूपमा विज्ञापन गरिएका सामग्रीहरूबाट सचेत रही यस्ता सामग्रीहरूमा खर्च गर्नबाट जोगिन ।

**सामग्री :** मेटाकार्ड, साइनपेन, मार्कर, न्युजप्रिन्ट, टेप आदि ।

**क्रियाकलाप नं २१ : प्रभाव पत्ता लगाऔं**

**समय :** २० मिनेट

**पूर्व तयारी :** क्रियाकलापलाई सञ्चालन गर्ने सम्बन्धी जानकारी लिइरहनुहोस् ।

**प्रक्रिया :**

- विद्यार्थीलाई चार-चार जनाको समूहमा बसाउनुहोस् ।
- समूहहरूलाई वस्तु छनोट गर्न सहयोग गर्नुहोस् ।
- न्युजप्रिन्टमा चित्र बनाउन सहयोग गर्नुहोस् ।
- चित्रको तल, माथि, दायाँ र बायाँ बस्ने तरिका सिकाउनुहोस् ।
- प्रभाव सम्बन्धी विद्यार्थीले लेख्नु पर्ने कुराहरू छुटेका भए सम्झाइ दिनुहोस् ।
- पालैपालो सबै समूहलाई प्रस्तुत गर्न लगाएर छलफल गराउनुहोस् ।
- उपभोक्ताले वस्तु उत्पादन गर्दा यसले पार्ने चार किसमका असरलाई बुझेर मात्र त्यस वस्तुको उपभोग गर्नुपर्ने कुरा प्रष्ट पार्नुहोस् ।

**क्रियाकलाप नं २२ : घटना अध्ययन**

**समय :** १५ मिनेट

**पूर्व तयारी :**

जाकिर र मन्तसाको घटना अध्ययन गरिराख्नुहोस् ।

**प्रक्रिया :**

- विद्यार्थी सिकाइ सामग्रीको सुरूमा बाकसभित्र दिइएका जानकारीहरूलाई प्रष्ट्याइ दिनुहोस् ।

- एक जना स्वयम्सेवक तोकेर घटना पढ्न लगाउनुहोस् ।
- एक-एक जना विद्यार्थीलाई पालैपालो एक एक ओटा प्रश्न पढ्न लगाउनुहोस् ।
- उत्तर भन्ने विद्यार्थीको नाम तोक्न सहयोग गर्नुहोस् ।
- विद्यार्थीहरूले दिएको जवाफ ठिक छ/छैन अरू विद्यार्थीबाट पनि राय लिनुहोस् । उत्तर बेठिक भएर सुधार गरिदिनुहोस् ।

**क्रियाकलाप नं २३ : उपभोक्ताको अधिकार र दायित्व**

**समय** : ३५ मिनेट

**पूर्व तयारी** :

समूह कार्य गर्ने तरिका अध्ययन गरिराख्नुहोस् । सम्भव भए उपभोक्ता सम्बन्धी ऐन, नियमावली सङ्कलन गरी अध्ययन गरिराख्नुहोस् । समूह कार्यका लागि तोकिएका शीर्षकहरू मेटाकार्डमा लेखेर राख्नुहोस् ।

**प्रक्रिया** :

- सामग्रीको सिरानमा दिइएका जानकारीमूलक कुराहरू प्रष्ट्याउनुहोस् ।
- पाँच समूहमा विभाजन गरी कार्य बाँडफाँड गरिएका मेटाकार्ड सम्बन्धित समूहलाई दिनुहोस् ।
- पाएको जिम्मेवारी अनुसार समूहहरूले सूची तयार पार्दा अवलोकन गरी सुझाव दिनुहोस् ।
- समूहहरूले तयार पारेका सूचीहरूलाई भित्ताको विभिन्न ठाउँमा टाँस्न लगाउनुहोस् ।
- सबै विद्यार्थीहरूलाई लाइनमा उभ्याएर सूचीहरू अध्ययन गर्न लगाउनुहोस् ।
- विद्यार्थीहरूले सूची अध्ययन गर्दा कुनै जिज्ञासा भए नोटबुकमा टिप्न लगाउनुहोस् ।
- जिज्ञासा राख्नेको जवाफ सम्बन्धित समूहका विद्यार्थीहरूलाई दिन लगाउनुहोस् ।
- विद्यार्थीको सक्रियता, कक्षा सहभागिता, नेतृत्व क्षमता, जिम्मेवारी बाँडफाँड, छलफल र प्रस्तुतीकरणका विविध पक्षहरू अवलोकन गरी मूल्याङ्कन गर्नुहोस् ।

**क्रियाकलाप नं २४ : हाम्रो समय हाम्रो भेट**

**समय** : २० मिनेट

**पूर्व तयारी** :

न्युजप्रिन्टमा काँटा र अङ्कसहित भएको घडीको चित्र बनाइ राख्नुहोस् । सामग्रीमा राखिएको १ देखि १२ सम्मका शीर्षकहरू अर्को न्युजप्रिन्टमा लेखेर राख्नुहोस् ।

**प्रक्रिया** :

- तपाईंले बनाएको घडी र शीर्षकहरूको न्युजप्रिन्ट कक्षामा सबैले देख्ने गरी भित्तामा टाँस्नुहोस् ।
- सबैलाई आ आफ्नो कापीको पुरै पानामा नमुनामा दिए जस्तै घडी बनाउन लगाउनुहोस् ।
- प्रत्येक बजेमा भेटेर छलफल गर्नका लागि फरक फरक साथीहरू खोज्न लगाउनुहोस् ।
- एकै समयका लागि एक भन्दा बढी साथी हुन नहुने कुरा प्रष्ट पारिदिनुहोस् ।
- भेट्ने समय र साथीको नाम जति बजे भेट्ने हो घडीमा त्यही बजेमा लेख्न लगाउनुहोस् ।
- कुनै एउटा समय तोकिदिनुहोस् । सम्बन्धित साथी खोजेर त्यसै क्रमको शीर्षकमा छलफल गर्न लगाउनुहोस् ।
- केहि समय पछि अर्को समय तोक्नुहोस् । त्यसै समयको साथी खोजी त्यही क्रमको शीर्षकमा

छलफल गर्न लगाउनुहोस् ।

- समयले भ्याएसम्म यसरी नै बजे तोक्ने, त्यो समयको साथी खोजी सम्बन्धित शीर्षकमा छलफल गर्ने क्रम जारी राख्नुहोस् ।

सिकौं र सिकाऔं :

- आफ्नो कमाइबाट केही प्रतिशत (सकेसम्म बढी) बचत गर्न सिकौं ।
- वस्तु खरिद गरेको सूची तयार गरी समय समयमा हेर्ने गरौं । औकातभन्दा बढी खर्च त गरिएन ?
- कुनैपनि वस्तु खरिद गर्नु पूर्व एक पटक फेरि सोचौं । त्यो वस्तु खरिद नगर्दा पनि काम चल्छ कि ?

१. पैसा बचत सम्बन्धी तलको तालिका अध्ययन गरौं र गराऔं :

| एक दिनमा रू. | ५ | १० | २० | ३० | ४० | ५० | ६० | ७० | ८० | ९० | १०० | का दरले बचत गर्‍यौं भने |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **एक महिनामा** | १५० | ३०० | ६०० | ९०० | १२०० | १५०० | १८०० | २१०० | २४०० | २७०० | ३००० | हुन्छ । |
| **एक वर्षमा** | १८२५ | ३६५० | ७३०० | १०९५० | १४६०० | १८२५० | २१९०० | २५५५० | २९२०० | ३२८५० | ३६५०० | हुन्छ । |
| **दुई वर्षमा** | ३६५० | ७३०० | १४६०० | २१९०० | २९२०० | ३६५०० | ४३८०० | ५११०० | ५८४०० | ६५७०० | ७३००० | हुन्छ । |

२. समय बचत सम्बन्धी तलको तालिका अध्ययन गरौं र गराऔं :

| एक दिनमा | ५ | १० | २० | ३० | ४० | ५० | ६० | १२० | २४० | ३०० | मिनेटका दरले समय खेर फाल्यौं भने |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **एक हप्ता** | ३५ | ७० | १४० | २१० | २८० | ३५० | ४२० | ८४० | १६८० | २१०० | **मिनेट खेर जान्छ ।** |
| **एक महिना** | १५० | ३०० | ६०० | ९०० | १२०० | १५०० | १८०० | ३६०० | ७२०० | ९००० | **मिनेट खेर जान्छ ।** |
| **एक वर्ष** | ३० | ६१ | १२२ | १८३ | २४३ | ३०४ | ३६५ | ७३० | १४६० | १८२५ | **घन्टा खेर जान्छ ।** |
| **पाँच वर्षमा** | १.२७ | ६.३४ | १२.६७ | २५.३५ | ३८.०२ | ५०.६९ | ६३.३७ | ७६.०४ | १५२.०८ | ३०४.१७ | **दिन खेर जान्छ ।** |

३. खाना बचत सम्बन्धी तलका तालिका अध्ययन गरौं र गराऔं :

| एक दिनमा | ५ | १० | १५ | २० | २५ | ३० | ३५ | ४० | ४५ | ५० | ग्रामका दरले खाना खेर फाल्यौं भने |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **एक हप्ता** | ३५ | ७० | १०५ | १४० | १७५ | २१० | २४५ | २८० | ३१५ | ३५० | **ग्राम खाना खेर जान्छ ।** |
| **एक महिना** | १५० | ३०० | ४५० | ६०० | ७५० | ९०० | १०५० | १२०० | १३५० | १५०० | **ग्राम खाना खेर जान्छ ।** |
| **एक वर्ष** | ३ | ६ | ९ | १२ | १५ | १८ | २१ | २४ | २७ | ४० | **जनालाई पुग्ने खाना खेर जान्छ । (१ जनाले १ दिनमा लगभग ६०० ग्राम खाना खाने हुनाले)** |
| **प्रति व्यक्तिको एक दिनको खानलाई रु. ५० ले हिसाब गर्दा** | १५० | ३०० | ४५० | ६०० | ७५० | ९०० | १०५० | १२०० | १३५० | २०,००० | **रुपैयाँ खेर जान्छ ।** |

## पाठ शीर्षक : पर्यावरणप्रति जिम्मेवार तथा मितव्ययी जीवनशैली

**परिचय :**

ढुङ्गा, माटो, पानी, रूख बिरूवा, खनिज, जिवजन्तु आदि मानिसका लागि निरन्तर रूपमा चाहिने प्रकृतिमा स्रोतहरू हुन् । यिनै स्रोतहरूको र हाम्रो सम्बन्ध नै हाम्रो वातावरण हो । मानव जीवनमा यिनीहरूलाई कुनै न कुनै रूपमा प्रयोग गरिरहनु पर्ने हुन्छ । यस्ता वातावरणीय वस्तुको प्रयोगमा सावधानी र मितव्ययिता नअपनाएमा यिनीहरूको स्रोतमा कमी आउँछ । साथै भावी पिँढीलाई अपुग हुने अवस्था सिर्जना हुन्छ । यसको जथाभावी प्रयोगले प्राकृतिक वातावरण असन्तुलित हुन गई विपदहरू पनि निम्तिन सक्छन् । माध्यमिक तहबाटै हामी र हाम्रो वातावरण सम्बन्धी यी आधारभूत कुराहरूमा अभ्यास गराउने हेतुले यो पाठ यस तहमा समावेश गरिएको हो ।

**उद्देश्य : यस पाठको अन्त्यमा विद्यार्थी निम्न कार्य गर्न सक्षम हुनेछन् :**

- वातावरणीय वस्तु र मानिस बिचको सम्बन्ध पहिचान गर्न,
- वातावरणीय वस्तुहरूलाई फारू गरेर प्रयोग गर्न,

**सामग्री :** मेटाकार्ड, साइनपेन, मार्कर, न्युजप्रिन्ट, टेप आदि ।

**क्रियाकलाप नं २५ : वातावरण अवलोकन**

**समय :** २० मिनेट

**पूर्व तयारी :**

विद्यार्थीलाई अवलोकन भ्रमण गराउने कार्यक्रम बनाइ राख्नुहोस् ।

**प्रक्रिया :**

- वातावरण र मानिस बिचमा के कस्तो सम्बन्ध छ भनेर केही बेर छलफल चलाउनुहोस् । छलफलकै क्रममा सामग्रीमा रहेका जानकारीहरूलाई समेटेर यस बारेमा प्रष्ट्याउनुहोस् ।
- दुई जना विद्यार्थीलाई अगाडि बोलाएर यस पाठको संवाद प्रस्तुत गर्न लगाउनुहोस् ।
- कलम कापी लिएर विद्यार्थीहरूलाई ५ मिनेटका लागि वातावरण अवलोकन गर्न लगाउनुहोस् । साथै वातावरणमा देखिएका केही वस्तुहरूको सूची बनाएर कुनै एउटा वस्तु ल्याउन भन्नुहोस् ।
- विद्यार्थीलाई चार समूहमा बस्न लगाउनुहोस् ।
- सबैले ल्याएका वस्तुहरू बिचमा राखेर समूहका साथीहरूलाई वरिपरि बस्न लगाउनुहोस् ।
- एउटा न्युजप्रिन्टमा पाठमा दिए जस्तै तालिका बनाउन लगाउनुहोस् । समूहको बिचमा भएका वस्तुको नाम लेखेर तालिका भर्न लगाउनुहोस् ।
- त्यसमध्ये एउटा वस्तु छानेर उदाहरणमा जस्तै संवाद तयार गर्न लगाउनुहोस् ।
- प्रत्येक समूहबाट दुई दुई जनालाई तालिका प्रस्तुत गर्न लगाउनुहोस् । अर्को दुई दुई जनालाई संवादको अभिनय गर्न लगाउनुहोस् ।
- पाठको समीक्षा गर्नुहोस् ।

**क्रियाकलाप नं २६ : फारु गरौं**

**समय** : १५ मिनेट

**पूर्व तयारी** :

पाठमा दिइएका अभिव्यक्तिहरूलाई मेटाकार्डमा लेखेर तयार पारिराख्नुहोस् ।

**प्रक्रिया** :

- आभिव्यक्ति लेखिएका मेटाकार्डहरूलाई चाङ लागएर टेबलमा राख्नुहोस् ।
- ६ जनालाई अगाडि बोलाएर एउटा-एउटा मेटाकार्ड लिन लगाउनुहोस् ।
- मेटाकार्ड लिने ६ जनालाई कक्षाको ६ ठाउँमा उभिन लगाउनुहोस् ।
- कार्ड लिने ६ जनालाई पालैपालो बाँकी रहेका एक-एक जना साथी बोलाउँदै ६ ओटा समूह बनाउन लगाउनुहोस् ।
- आफ्नो समूहले लिएको अवस्था बारे छलफल गरी फारु गर्ने उपायका बुँदाहरू टिपोट गर्न लगाउनुहोस् ।
- समूहले तयार गरेको कुरा पालैपालो प्रस्तुत गर्न लगाउनहोस् ।

**क्रियाकलाप नं २७ : टोकरीमा हालौं**

**समय** : १० मिनेट

**पूर्व तयारी** :

बराबर आकारका काजगका टुक्राहरू काटेर राख्नुहोस् ।

**प्रक्रिया** :

- सबै विद्यार्थी एक-एक ओटा कागजका टुक्राहरू पास गर्न लगाउनुहोस्
- मानिस र पर्यावरण बिचको सम्बन्ध र प्राकृतिक स्रोतको प्रयोगमा फारू गर्नेबारेमा उनीहरूले सिकेका एक एक ओटा कुरा त्यो टुक्रामा लेख्न लगाउनुहोस् ।
- टुक्रालाई पट्याएर टोकरीमा हाल्न लगाउनुहोस् ।
- टोकरीलाई हल्लाएर एक एक ओटा टुक्रा झिक्न लगाउनुहोस् ।
- टुक्रा खोलेर पालैपालो पढ्न लगाउनुहोस् ।
- कुनै कुरा प्रष्ट नभएको भए अरू विद्यार्थीहरूलाई प्रष्ट पार्न लगाउनुहोस् ।

**कसरी फारु गर्ने** :

ग्यास : खाना पकाइसकेपछि चुलो र रेगुलेटर राम्रोसँग बन्द गर्ने ।

विद्युत : आवश्यकता अनुसार मात्र बत्ती बाल्ने । सिएफएल चिमको मात्र प्रयोग गर्ने । एउटै बत्तीबाट काम चलाउन सकिने अवस्थामा अरु बत्तीहरू नबाल्ने । विद्युत बढी खपत गर्ने उपकरणहरू कम चलाउने ।

पानी : धाराहरूबाट पानी चुहिन नदिने । पानीको प्रयोग गरिसकेपछि धारा बन्द गर्ने । साबुन लगाई हात माड्दा, जीऊ भिजाएर साबुन लगाउँदा, ब्रुस प्रयोग गरी दाँत माझिरहँदा धाराहरू बन्द गरिरहने । भाँडा भिजाएर मस्काइरहेको बेला धारो बन्द गर्ने ।

**पाठ शीर्षक :** # आफ्नो र अरूको सुरक्षा

**परिचय :**

बालबालिका तथा किशोर किशोरीहरूले जहाँ पनि सुरक्षाको अनुभूति प्राप्त गर्नुपर्छ । शारीरिक र मानसिक दुवै किसिमले सुरक्षित हुन पाउनु पर्छ । गाली बेइजति भेदभाव र कुटपिट जस्ता दुर्व्यवहार उनीहरूमाथि प्रस्तुत गरिनु हुँदैन । बालबालिकाले पनि यस्ता व्यवहारहरूबाट आफू सुरक्षित रहने र अरुको पनि सुरक्षा गर्न प्रयत्नरत रहनु पर्छ । सानो होस् वा ठुलो आफ्नो सम्मान खोज्नेले अरूलाई पनि सम्मान गर्न जान्नु पर्छ । सुरक्षा सम्बन्धी यिनै कुराहरूमा अभ्यास गराउनका लागि यस तहमा यो पाठ समावेश गरिएको हो ।

**उद्देश्य : यस पाठको अन्त्यमा विद्यार्थी निम्न कार्य गर्न सक्षम हुनेछन् :**

- अरूबाट सम्मानजन व्यवहार खोज्न र अरूको पनि सम्मान गर्न,
- लान्छना, भेदभाव, हिंसा, शोषण र उत्पीडनमा परेकाहरूलाई सहयोग गर्न ।

**सामग्री :** मेटाकार्ड, साइनपेन, मार्कर, न्युजप्रिन्ट, टेप आदि ।

**क्रियाकलाप नं २८ : हाम्रो सम्मान खोइ**

**समय :** १५ मिनेट

**पूर्व तयारी :** पाठको प्रक्रिया पत्ता लगाइराख्नुहोस् ।

**प्रक्रिया :**

- पाठमा दिइएका असुरक्षाजनक शब्दहरू व्यक्तिगत रूपमा अध्ययन गर्न लगाउनुहोस् ।
- यस्ता शब्दहरू घर परिवार र समुदायमा हुने गरेका छन् भने टिपोट गर्न लगाउनुहोस् ।
- विद्यार्थीहरूलाई चार समूहमा बसाउनुहोस् । समूहका सबै साथीहरूको टिपोटमा छलफल गरी प्रतिवेदन तयार गर्न लगाउनुहोस् ।
- पालैपालो समूहको प्रतिवेदन ठुलो समूहमा प्रस्तुत गर्न लगाउनुहोस् ।
- क्रियाकलापको निष्कर्ष दिनुहोस् ।

**क्रियाकलाप नं २९ : सहयोगी मुटु**

**समय :** २० मिनेट

**पूर्व तयारी :** अवस्थाहरूलाई अध्ययन गरेर क्रियाकलाप सञ्चालन गर्ने पूर्व तयारी गर्नुहोस् ।

**प्रक्रिया :**

- विद्याथीहरूलाई रमाइलो तरिकाले चार समूहमा विभाजन गर्नुहोस् ।
- एक-एक ओटा अवस्था जिम्मा लगाउनुहोस् ।
- न्युजप्रिन्टमा मुटुको ठुलो चित्र बनाउन लगाएर यस्ता अवस्थामा परेका पात्रलाई गर्न सकिने सहयोग लेख्न लगाउनुहोस् ।
- समूहले तयार गरेको कुरा पालैपालो प्रस्तुत गर्न लगाउनुहोस् र क्रियाकलापको निष्कर्ष दिनुहोस् ।

**क्रियाकलाप नं ३० : हात मिलाऔँ**

**समय** : १० मिनेट

**पूर्व तयारी** : क्रियाकलाप सञ्चालन प्रक्रिया अध्ययन गरिराख्नुहोस् ।

**प्रक्रिया** :

- कुनै दुई जना विद्यार्थीलाई स्वयम्सेवक बनाएर साथीहरूले भनेका कुरा लेख्ने जिम्मेवारी दिनुहोस् ।
- अरू विद्यार्थीहरूलाई गोलो घेरामा उभ्याउनुहोस् ।
- क्रियाकलाप सुरु कोबाट गर्ने तय गर्नुहोस् ।
- सुरू गर्नेलाई नजिकको साथीसँग हात मिलाएर आफूले यस पाठमा सिकेको एउटा कुरा बताउन लगाउनुहोस् ।
- दोस्रोलाई तेस्रोसँग हात मिलाउन लगाई आफूले सिकेको नयाँ कुरा बताउन लगाउनुहोस् ।
- यसै क्रमले सबै विद्यार्थीहरूको पालो नआएसम्म हात मिलाउने र सिकेको कुरा बताउने क्रम जारी राख्न लगाउनुहोस् ।
- स्वयम्सेवी भई टिपोट गर्नेलाई पढेर सुनाउन लगाउनुहोस् । क्रियाकलापको निष्कर्ष दिनुहोस् ।

**तलका अवस्थाहरुमा चाल्नुपर्ने सुरक्षात्मक कदमहरुबारे विद्यार्थीहरूबिच छलफल गराउनुहोस्** :

- आफ्नो सानो भाइ बामे सर्दै जाँदा अगेनामा पर्न लाग्यो । अब के गर्ने ?
- सानी बहिनी भऱ्याङमा दौडेर ओर्लन लागिन् । उनलाई लड्न नदिन के गर्ने ?
- दुईजना केटा पोखरीको डिलमा खेल्न थाले । पोखरीमा पर्नबाट उनीहरूलाई कसरी बचाउने ?
- बस दुर्घटनामा पऱ्यो । धेरै मानिसहरू घाइते भए । तपाईंले देख्नु भयो । अब के गर्नु हुन्छ ?
- तपाईंहरू तिनजना साथी घर गइरहेको बेलामा एउटा मान्छे बाटामा फुत्त निस्केर एक जना साथीलाई कुट्न थाल्यो । अब तपाईंहरू दुई जना के गर्नु हुन्छ ?
- छिमेकीले रक्सी खाएर आफ्नी श्रीमतीलाई गाली गर्दै कुट्न थाल्यो । यो दृश्य तपाईंले देख्नु भयो । अब गर्नु हुन्छ ?
- लागुपदार्थ सेवन गर्ने साथीहरूलाई त्यस लतबाट निकाल्न के कस्ता प्रयासहरू गर्न सक्नु हुन्छ ?
- छोरा मात्र बढाउने छोरीलाई घरको काम लगाउने बाबु आमालाई तपाईं कसरी सम्झाउनु हुन्छ ?
- तपाईलाई कसैले अपहरण गरेर लैजान आट्यो भने के गर्नु हुन्छ ?
- काट्ने र घोच्ने औजारहरू चलाउनुपूर्व कुन कुन कुराहरूमा ख्याल गर्नु हुन्छ ?
- पानीमा डुबेर पेटमा पानी भरिएको मान्छेलाई बाहिर निकालेर प्राथमिक उपचार कसरी गर्नु हुन्छ ?
- विद्यालयमा अपनाउनु पर्ने सुरक्षात्मक उपायहरू के के हुन सक्छन् ?
- तपाईले आफ्नो घरमा के कस्ता सुरक्षा सम्बन्धी उपायहरू अपनाउने गर्नु भएको छ ?
- ट्राफिक ब्यस्त हुने बजारमा आकाशेपुल किन राखिएको हो ?
- सवारी साधान व्यस्त रहने सडकमा बाटो काट्दा कुन कुन कुरामा ध्यान पुऱ्याउँनु पर्छ ?

**पाठ शीर्षक :** # अवैध कार्य

**परिचय :**

घरेलु रक्सी उत्पादन तथा विक्री वितरण, लागु ओषध उत्पादन तथा विक्री वितरण, यौन व्यवसाय, विदेशी मुद्राहरूको ओसार पसार, दुर्लभ वन्यजन्तुहरूको तस्करी, मानव बेचविखन आदि जस्ता कार्यहरूलाई कानुनले निशेध गरेको छ । यस्ता कार्यहरूलाई अवैध कार्य भनिन्छ । अवैध कार्य कुनै हालतमा कसैले पनि गर्नु हुँदैन । कसै कसैले कानुनको आँखा छलेर रातारात धनी हुने लोभले यस्ता व्यवसाय गर्छन् । उनीहरू कानुनको फन्दामा पर्छन् । सजाँय पाएपछि मात्र उनीहरूको आँखा खुल्छ । यस्ता कार्यमा संलग्न मानिसहरूलाई घरपरिवार र समाजले वहिस्कार गर्छन् । अवैध कार्य गर्ने गराउनेले तपाईं-हामीलाई प्रलोभन देखाई, दवाव र धम्की दिएर फसाउन सक्छन् । यस्ता अवैध कार्य गर्नबाट आफूलाई र सकेसम्म उसलाई पनि बचाउन क्रमशः सम्झाउने गर्नुहोस् । नमानेमा त्यस्ता कार्य गर्न ढिलासुस्ती गरिदिनुहोस् । त्यति गर्दा नि नमानेमा कानुनले मिल्ने अरू कुनै व्यवसायलाई विकल्पका रूपमा प्रस्ताव राख्नुहोस् । त्यति गर्दा पनि नमानेमा नाइ भनेर साथ छोड्नुहोस् । यिनै कुराहरूलाई मध्यनजर राखेर अवैध कार्य गर्नबाट टाढै बस्न र अरूलाई पनि यस्ता कार्य नगर्न सल्लाह प्रदान गर्ने क्षमता विकास गर्नका लागि यो पाठ यस तहमा समावेश गरिएको हो ।

**उद्देश्य : यस पाठको अन्त्यमा विद्यार्थी निम्न कार्य गर्न सक्षम हुने छन् :**

- अवैध कार्यहरू पहिचान गर्न,
- अवैध कार्य नगर्ने अठोट गर्न ।

**सामग्री :** मेटाकार्ड, साइनपेन, मार्कर, न्युजप्रिन्ट, टेप आदि ।

**क्रियाकलाप नं ३१ : परिस्थिति अध्ययन**

**समय :** ३५ मिनेट

**पूर्व तयारी :** अवस्थाहरू सम्बन्धी जानकारीहरू लिइराख्नुहोस् । इन्कार गर्ने प्रक्रिया पनि थाहा पाइ राख्नुहोस् ।

**प्रक्रिया :**

- रोचक तरिकाले विद्यार्थीलाई चार समूहमा बाँड्नुहोस् ।
- पाठमा भएका अवस्थाहरू समूहलाई एक-एक ओटाका दरले बाँड्नुहोस् ।
- प्रत्येक समूहलाई छलफल गर्न लगाएर इन्कार गर्ने तरिका लेख्न लगाउनुहोस् ।
- सम्बन्धित अवस्थाका पात्रहरूले गर्नुपर्ने भूमिका तयार पार्न लगाउनुहोस् ।
- समूहले तयार पारेको इन्कार गर्ने तरिका प्रस्तुत गर्न लगाउनुहोस् ।
- सबै समूहलाई अभिनय पनि गरेर देखाउन लगाउनुहोस् ।
- सडक नाटक गर्न सकिने अरू अवस्थाहरू बारेमा पनि जानकारी गराउनुहोस् ।
- टिफिनको समयमा अरु कक्षाका विद्यार्थीहरूलाई पनि समावेश गरेर अभिनय प्रस्तुत गर्न लगाउनुहोस् ।

**क्रियाकलाप ३२ : अठोट गरौं**

**समय :** १० मिनेट

**पूर्व तयारी :** यस पाठमा राखिएका अठोटहरूलाई न्युजप्रिन्टमा लेखेर राख्नुहोस् ।

**प्रक्रिया :**

- अठोट लेखिएका न्युजप्रिन्टलाई भित्तमा टाँस्नुहोस्।
- सबै विद्यार्थीहरूलाई गोलो घेरामा उभ्याउनुहोस्। दुवै पट्टि छेउमा रहेको साथीका हाताका औंला भित्र आफ्नो औंला छिराएर बाध्न लगाउनुहोस्।
- सबैलाई एक पाइला अगाडि बढ्न भन्नुहोस्। बढ्ने वित्तिकै एकै स्वरमा न्युजप्रिन्टमा रहेको पहिलो अठोट ठूलो आवजले भन्न लगाउनुहोस्। एक पाइला पछि सर्न लगाउनुहोस्।
- अर्को अठोट भन्न फेरि एक पाइला अगाडि बढ्न भन्नुहोस्। एवम् रितले अगाडि बढेका बेला अठोटको वाक्य भन्ने र पछाडि सर्ने गर्दै यो क्रियाकलाप सम्पन्न गराउनुहोस्।
- अठोट गर्नुपर्ने अरू कुराहरू सङ्कलन गरेर अठोट गराउनुहोस्।

**तलका व्यवहारहरूमध्ये वैदमा ठिक (√) चिह्न र अवैधमा क्रस (×) चिह्न लगाउन लगाउनुहोस् :**

| व्यवहारहरू | चिह्न |
|---|---|
| आफ्नै श्रीमतीसँग यौन सम्पर्क गर्नु । | |
| यौन व्यवसायीसँग यौन सम्पर्क गर्नु । | |
| लागुऔषध सेवन गर्नु । | |
| चलानी मदिरा किनेर थोरै मात्रामा सेवन गर्नु । | |
| घरेलु रक्सी उत्पादन गरेर पिउनु । | |
| तरकारी खेतीमा अत्याधिक विषाधी हालेर किरा मार्नु । | |
| यौन इच्छा बढाउने औषधी सेवन गर्नु । | |
| गाँजा खेती गर्नु । | |
| भाङको अचार खानु । | |
| कसैको स्वीकृति नलिई श्रव्य दृश्य सामग्री बनाउनु । | |
| वस्तु बेच्दा केही फाइदा लिनु । | |
| किनेको मूल्य भन्दा डबल दस्तुर लिएर सामान बेच्नु । | |
| दुधमा पानी मिसाएर बेच्नु । | |
| रङ हालेर मिठाई तयार पार्ने र बिक्री गर्ने । | |
| रसायनयुक्त सिङ्गारका सामग्री तयार पारी बिक्री वितरण गर्ने । | |
| हस्ती हाड र खाग बिक्री गर्नु । | |
| बहुमूल्य रूद्राक्ष बिक्री गर्नु । | |
| आफूसँग रहेको गहना बेच्नु | |

**पाठ शीर्षक :** # वित्तीय प्रणाली र वित्तीय उपकरण

**परिचय :**

नोट निष्काशन, मौद्रीक र विदेशी विनिमय सम्बन्धी नीति निर्माण, वित्तीय संस्था खोल्ने अनुमति प्रदान गर्ने आदि काम राष्ट्र बैंकको हो । पैसाको कारोबार गर्ने, 'निक्षेप स्वीकार्ने र कर्जा प्रवाह गर्ने तथा विप्रेशण कारोबार गर्ने, विदेशी मुद्रा सटही गर्ने, ड्राफ्ट टीटीद्वारा पैसा पठाउने, सरकारी ऋण पत्रको कारोबार गर्ने, सुनचाँदी कर्जा, बैंक ग्यारेन्टी आदि काम गर्ने संस्था, बैंकहरू र बैंक सरह वित्तीय कारोबारको अधिकार प्राप्त संस्था हुन्' । सहकारी विभागको स्वीकृतमा खोलिएका राष्ट्र बैंकले तोकेका सीमित वित्तीय कारोबार गर्ने संस्था सहकारी हुन् । जीवन, व्यवसाय, यातायातका साधन आदिको जोखिम जिम्मा लिएर करार बमोजिम पैसाको किस्ता उठाई वित्तीय कारोबार गर्ने संस्था बिमा कम्पनी हो । स्वीकृति प्राप्त कम्पनि/संस्थाहरूले आफूले चाहेको रकम सङकलन गर्न जारी गरिएको एक धितो पत्रका रूपमा शेयरलाई लिन सकिन्छ । माध्यमिक तहबाटै वित्तीय कारोबार सम्बन्धी यी कुराहरूमा जानकारी राख्नु आवश्यक छ । त्यसैले यो विषय यहाँ समावेश गरिएको हो ।

**उद्देश्य : यस पाठको अन्त्यमा विद्यार्थी निम्न कार्य गर्न सक्षम हुनेछन् :**

- वित्तीय कारोवार गर्ने संस्थाहरू पहिचान गर्न,
- कारोवारहरूका प्रकार पहिचान गर्न ।

**सामग्री :** मेटाकार्ड, साइनपेन, मार्कर, न्युजप्रिन्ट, टेप आदि ।

**क्रियाकलाप नं ३३ : संस्था चिनौं**

**समय :** १० मिनेट

**पूर्व तयारी :** पाठमा भएका प्रश्न र उत्तरहरूलाई फरक फरक मेटाकार्डमा लेखिराख्नुहोस् ।

**प्रक्रिया :**

- दस जनालाई एउटा समूहमा राख्नुहोस् । तपाईंले तयार गर्नु भएको एक एक ओटा मेटाकार्ड लिएर त्यसलाई कापीमा लेख्न लगाउनुहोस् ।
- प्रश्नसँग उत्तर मिल्ने विद्यार्थीलाई खोजेर जोडीमा बसाउनुहोस् ।
- प्रश्न र उत्तर पढेर सुनाउन लगाउनुहोस् ।
- बाँकी रहेका विद्याथीहरूलाई क्रियाकलापको अवलोकन गरी टिपोट गर्न लगाउनुहोस् ।
- बाँकी रहेका विद्यार्थीहरूलाई प्रश्न गर्ने मौका दिइ सम्बन्धी विद्यार्थीलाई उत्तर भन्न लगाउनुहोस् ।
- जानी राखौं भन्ने बाकस भित्रका संस्थाहरूको परिचय सम्बन्धी जानकारीहरूलाई प्रश्नोत्तर र छलफलका माध्यमद्वारा प्रष्ट पार्नुहोस् ।

**क्रियाकलाप नं ३४ : वित्तीय कारोवार चिनौं**

**समय :** २५ मिनेट

**पूर्व तयारी :** पाठमा भएको पाँच ओटा कारोबार सम्बन्धी शीर्षकहरूलाई मेटाकार्डमा लेख्नुहोस् ।

**प्रक्रिया :**

- १ देखि ५ सम्म भन्न लगाउँदै पाँच ओटा समूह बनाउनुहोस् ।
- प्रत्येक समूहलाई सम्बन्धित मेटाकार्ड दिनुहोस् ।
- न्युजप्रिन्ट दिएर त्यो विषयवस्तुसँग सम्बन्धी जानकारी आफ्नै भाषामा लेख्न लगाउनुहोस् ।

- पालैपालो प्रस्तुत गर्न लगाउनुहोस् ।
- सुझाव आदान प्रदान गरी आवश्यक पृष्ठपोषण दिनुहोस् ।
- तलका जस्ता प्रश्नहरूको उत्तर लेख्न लगाउनुहोस् :
  १. सफा नोटको महत्त्व उल्लेख गर्नुहोस् ।
  २. विप्रेषण केलाई भनिन्छ ?

**क्रियाकलाप नं ३५ : कति जान्यौं ?**


**समय** : १० मिनेट

**पूर्व तयारी** :

यस पाठमा भएको क्रियाकलापको नियम अध्ययन गरिराख्नुहोस् ।

**प्रक्रिया** :

- गोलो घेरामा एकले अर्कोलाई लम्किँदा भेट्ने गरी उभ्याउनुहोस् ।
- क्रियाकलाप को बाट सुरू गर्ने तय गर्नुहोस् ।
- सुरू गर्नेलाई बल समात्न लगाई सफा नोटका बारेमा भन्न लगाउनुहोस् ।
- उसलाई अर्को साथीको नाम भन्न र नाम भनिएका साथीलाई बल दिन लगाएर विप्रेषणका बारेमा बताउन लगाउनुहोस् ।
- यसैगरी नाम भन्दै बल दिँदै गरेर क्रमशः विमा, शेयर, विदेशी विनिमय, एटियम कार्ड, क्रेडिट कार्ड, म्युचुअल फन्ड, बचत, मुद्दती, चल्ती खाता, ऋण आदिको बारेमा क्रमशः बताउन लगाउनुहोस् । यस सन्दर्भमा वित्तीय कारोबार सम्बन्धी अन्य शीर्षक पनि लिन पाइने कुरा बताइ दिनुहोस् ।



**पाठ शीर्षक :** **बचत**

**परिचय :**

पैसाको सुरक्षा र बचत गर्ने क्रममा औपचारिक रूपमा नेपालका एक तिहाई मानिसहरूले मात्र बैंक तथा वित्तीय सुविधा पाउने गरेको आनुमान गरिएको छ । जनता समक्ष बैंकको पहुँच बढाई बचत तथा अन्य वित्तीय कारोबार गर्नेहरूको प्रतिशत क्रमशः बढाउँदै लानु आजको आवश्यकता हो । बैंक तथा अन्य वित्तीय संस्थामा खाता खोली बचत गर्न जन सचेतना अभिवृद्धि गर्नु पनि आजको आवश्यकता हो । यसैले बचत सम्बन्धी आधारभूत जानकारीहरू आजका बालबालिका तथा किशोरकिशोरीहरूलाई शिक्षाको माध्यमद्वारा विद्यालय तहदेखि नै उपलब्ध गराउने हेतुले यो पाठ यस सामग्रीमा राखिएको हो ।

**उद्देश्य : यस पाठको अन्त्यमा विद्यार्थी निम्न कार्य गर्न सक्षम हुनेछन् :**

- पैसा बचत गर्ने तरिका पहिचान गर्न,
- अनावश्यक खर्च कटौति गर्न र पैसा चुहिनबाट रोक्न,
- पैसाको साथै अन्य स्रोतहरूको पनि बचत गर्न ।

**सामग्री** : मेटाकार्ड, साइनपेन, मार्कर, न्युजप्रिन्ट, टेप आदि ।

**क्रियाकलाप नं ३६ : कहाँ उभिने**

**समय** : १५ मिनेट

**पूर्व तयारी** : तिन ओटा मेटाकार्ड मध्ये एउटामा 'सहमत', अर्कोमा 'असहमत' र तेस्रोमा 'थाहा छैन' लेखेर तयार पारिराख्नुहोस् । सामग्रीमा उल्लेखित बचत गर्ने तरिकाहरूलाई पनि एक एक ओटा मेटा कार्डमा ले खेर राख्नुहोस् ।

**प्रक्रिया :**

- सहमत, असहमत र थाहा छैन लेखिएका मेटाकार्डहरूलाई कक्षाको तिन तिर भित्तामा टाँस्न लगाउनुहोस् ।
- पैसा बचत गर्ने तरिका लेखेका मेटाकार्डहरूलाई चाङ बनाएर टेवलमा राख्नुहोस् ।
- सबै विद्यार्थीहरूलाई कक्षाको बिचमा उभिन लगाउनुहोस् ।
- खेलको नियम बताइदिनुहोस् ।
- एक जना विद्यार्थीलाई अगाडि बोलाएर चाङको माथि रहेको एउटा मेटाकार्ड दिई त्यसमा लेखिएको कुरा पढेर सुनाउन लगाउनुहोस् ।
- पैसा बचत गर्ने तरिका सम्बन्धी त्यस मेटाकार्डको भनाइमा सहमत हुनेलाई समहत लेखिएको तल उभिन लगाउनुहोस् । असहमत हुनेलाई असहमतको तल र थाहा छैन भन्नेलाई थाहा छैन लेखिएको तल उभिन लगाउनुहोस् ।
- सहमत र असहमतका तल उभिने समूहका एक एक जना प्रतिनिधिहरूलाई त्यस समूहमा उभिनुको कारण बताउन र थाहा छैन समूहकालाई विश्वस्त पारी आफूतिर तान्न आफ्नो भनाइलाई तार्किक रूपमा प्रस्तुत गर्न एक एक मिनेट समय दिनुहोस् ।
- सहमत र असहमत समूहका साथीहरूलाई पनि तर्क पेश गरी एक अर्कोमा आफूतिर तान्न एक-एक मिनेट समय दिनुहोस् ।
- सबैलाई फेरि बिचमा उभिन लगाउनुहोस् ।

- अर्को एक जना विद्यार्थीलाई मेटाकार्डमा भएको कुरा पढ्न लगाई माथिकै प्रक्रिया दोहोऱ्याउनुहोस् ।
- यसरी नै समयले भ्याएसम्म सबै कार्डमा भएका भनाइहरूमा अभ्यास गराउनुहोस् ।

**क्रियाकलाप नं ३७ : घटना अध्ययन**

**समय** : २० मिनेट

**पूर्व तयारी** : यस पाठमा भएको घटना अध्ययन गरी क्रियाकलापमा प्रष्ट भइराख्नुहोस् ।

**प्रक्रिया** :

- यो क्रियाकलाप घरमा र बैङ्कमा जम्मा गरिने बचतसँग बढी सम्बन्धित छ । क्रियाकलाप सञ्चालनको क्रममा विद्यालयमा सञ्चालन गर्नुपर्ने बचत कार्यक्रमबारेमा सविस्तार जानकारी दिनुहोस् । बचत सम्बन्धी अनुशासन सिक्नका लागि पनि विद्यालय बचत कार्यक्रम अनिवार्य हुने कुरा मनन गराउनुहोस् ।
- विद्यार्थीहरूलाई कुनै रमाइलो तरिकाले तिन समूहमा विभाजन गर्नुहोस् ।
- सबै समूहलाई एक-एक प्रति सिकाइ सामग्री उपलब्ध गराउनुहोस् ।
- सुरूमा समूहको एक एक जनालाई आ आफ्नो समूहमा घटना पढेर सुनाउन लगाउनुहोस् ।
- सामग्रीमा दिइएका पाँच ओटै प्रश्नको उत्तर सम्बन्धमा छलफल गरेर घटनामा आधारित भई न्युजप्रिन्टमा उत्तर लेख्न लगाउनुहोस् ।
- सबै समूहले तयार पारेका उत्तरहरू पालो गरेर प्रस्तुत गर्न लगाउनुहोस् ।


**क्रियाकलाप नं ३८ : सत्य झुटो खेल**

**समय** : १० मिनेट

**पूर्व तयारी** : खेल सम्बन्धी अभिव्यक्तिहरू अध्ययन गरिराख्नुहोस् ।

**प्रक्रिया** :

- विद्यार्थीलाई बाहिर लगेर बराबर सङ्ख्यामा हुने गरी दुई लाइनमा उभ्याउनुहोस् ।
- मिल्ने सङ्ख्याद्वारा दुवै लाइनका विद्यार्थीहरूको क्रमसङ्ख्या निर्धारण गर्नुहोस् ।
- खेल्ने ठाउँको दुई तिर एक एक ओटा कुर्सी राखेर एउटामा सत्य र अर्कोमा झुटो लेखेका मेटाकार्ड टाँस्नुहोस् ।
- खेलको नियम प्रष्ट पारिदिनुहोस् ।



- सत्य र झुटोको उत्तर निम्नानुसार बताई कारण समेत प्रष्ट्याउनुहोस् :

  १ झुटो : किनभने पैसा बचत गर्दैमा अरू स्रोतहरूको बचत आफैं हुँदैन। सबै स्रोतहरूको बचत गर्न सक्नुपर्छ।

  २ झुटो : किनभने कम खायो भने बिरामी पर्न सकिन्छ। बिरामी भएपछि काम गर्न सकिँदैन। काम नगरेपछि पैसा कमिदैन। पैसा नै नभएपछि कसरी बचत गर्ने ?

  ३ सत्य : किनभने फजुल खर्च गर्नु भनेको पैसा उडाउनु मात्र हो। जथाभावी खर्च गरिएन भने पैसा जोगिन्छ। पैसा जोगाउनुभनेको बचत नै हो।

  ४. सत्य : किनभने उत्पादनशील कामबाट अरू आमदानी हुन्छ। यसबाट थप बचत गर्न सकिन्छ।

  ५ सत्य : किनभने यस्ता स्रोतसाधनहरू सीमित हुन्छन्। एउटाले थिनीहरूको जथाभावी प्रयोग गऱ्यो भने अरूलाई पुग्दैन।

६ झुटो : किनभने बैंकमा खाता खोल्न नागरिकताको प्रमाणपत्र र अर्को एउटा परिचय खुल्ने कागज भए पुग्छ।

७ झुटो : किनभने बिरामी हुँदा उपचार गर्नका लागि पनि बचत गरिन्छ। यो खर्च त अनिवार्य खर्चभित्र पर्छ।

८ सत्य : किनभने जुनसुकै खातामा रकम जम्मा गर्न बैंक भौचर भर्नु पर्छ। यो बैंकहरूको नियम हो।

९ सत्य : किनभने संरक्षकले बैंकको सहयोगमा नाबालकका नाममा खात खोलिदिन सक्छ। यो बैंकहरूको नियम हो।

१० झुटो : किनभने यो सोच बचत बिरोधी हो। महंगो लुगामा पैसा खर्च गर्नु भनेको पैसा उडाउनु मात्र हो।

११ झुटो : किनभने बाबुआमालाई धम्क्याएर पैसा माग्नु हुँदैन। यसो गरियो भने उहाँहरूलाई व्यवहार चलाउन कठिन पर्न सक्छ। आफू पनि अशिष्ट बनिन्छ। धम्क्याएर पैसा माग्नु नैतिकका विपरित पनि हुन्छ।

१२ झुटो : किनभने चोरी गर्नु अपराध हो। अपराध गरेर बचत गर्नु वित्तीय शिष्टाचार भित्र पर्दैन।

- सामग्रीमा भएको पहिलो अभिव्यक्ति पढेर सुनाउनुहोस्। कुदेर गई कुर्सीमा बस्नका लागि रोल नम्बर पनि तोक्नुहोस्। जुन समूहको विद्यार्थी उपयुक्त (सही) कुर्सीमा पहिले गएर बस्छन् त्यो समूहलाई १ नम्बर दिनुहोस्। ती दुई जना विद्यार्थीलाई आ-आफ्नो स्थानमा गएर उभिन लगाउनुहोस्।
- अर्को अभिव्यक्ति पढेर सुनाउनुहोस्। नम्बर तोक्नुहोस्। उपयुक्त (सही) कुर्सीमा बस्नेको समूहलाई एक नम्बर दिनुहोस्। उनीहरूलाई आ आफ्नो लाइनको पछाडि गएर उभिन भन्नुहोस्।
- यस्तै गरी समयले भ्याएसम्म अरू अभिव्यक्तिहरूमा पनि खेल खेलाउनुहोस्।
- सबैभन्दा बढी अङ्क ल्याउने समूहलाई विजयी घोषित गर्दै यस क्रियाकलापको निष्कर्ष दिनुहोस्।
- यस्ता अरू भनाइहरूपनि सङ्कलन गरेर तर्क वितर्क तथा विचार आदान प्रदान गराउनुहोस्।
- आवश्यकता र चाहना सम्बन्धी चित्रहरू अवलोकन गर्न लगाई आवश्यकीय कार्यमा मात्र खर्च गर्ने बानी बसाल्न अभिप्रेरित गर्नुहोस्।

# विद्यालय बचत कार्यक्रम

- बचतका तिन मोडेल बारेमा निम्नानुसारका कुराहरू प्रष्ट पार्नुहोस् :


## बचतका तिन मोडेलहरू

### मोडल १

१.



२.




३.

**केही समय पछि.....**




## मोडल २

१.



२.



३





## मोडल ३

१.



२.



३



- विद्यालय बचत कार्यक्रमका यी मार्गदर्शनहरू विद्यार्थीलाई प्रष्ट पार्नुहोस् र यसैअनुसार बचत कार्यक्रम सञ्चालन गर्नुहोस् :

**बचतका मार्ग दर्शनहरू**

१. विद्यालय बचत कार्यक्रम भाग लिनु स्वेच्छिक हो ।

२. विद्यालय बचतको कार्य प्रक्रिया विद्यालयको बचत समिति र शिक्षकले निर्धारण गर्ने छन् ।

३. विद्यालय बचत कार्यक्रममा भाग लिने प्रत्येक विद्यार्थीको बचत सम्बन्धी हिसाब राख्न उनीहरूसँग व्यक्तिगत अभिलेख पुस्तिका हुनुपर्छ । प्रत्येक कक्षाको हिसाब राख्न लेजर खाता राख्नु पर्छ ।

४. विद्यार्थीले खातामा रकम जम्मा गर्ने र झिक्ने काम हप्तामा एक दिन गर्ने गरी बार तोकिनु पर्छ ।

५. खातामा जम्मा गर्नका लागि तोकिएको रकम भन्दा बढी पैसा कुनै विद्यार्थीले जम्मा गर्नु परेमा यसको कारण र स्रोत शिक्षकलाई प्रष्ट्याउनु पर्छ । यसको अभिलेख व्यक्तिगत खाता र लेजरमा पनि राख्नु पर्छ ।

६. विद्यालय बचत कार्यक्रम अन्तर्गत जम्मा भएको रकम नजिकको बैंकमा कक्षाको नाममा खाता खोलेर जम्मा गर्नु पर्छ । बैंक टाढा छ भने विद्यालयलेनै पैसा सुरक्षित साथ राख्ने व्यवस्था गर्नु पर्छ ।

७. बचत रकमको केही भाग विद्यार्थी र शिक्षकको सहमतिमा सामूहिक क्रियाकलापमा प्रयोग गर्न सकिने छ ।

८. बचतलाई बैंकमा जममा गरेपछि प्राप्त हुने ब्याजलाई विद्यार्थी र शिक्षकको सहमतिमा कुनै सामूहिक कार्यमा प्रयोग गर्न सकिने छ ।

९. यस बचत कार्यक्रमका लागि अभिभावकले सहयोग गर्न सक्छन् तर उनीहरूले बचत कार्यक्रममा सोझै भाग लिन सक्दैनन् । सामूहिक बचत र खर्च सम्बन्धी सबै निर्णय विद्यार्थीले नै गर्छन् ।

**पढौँ र सिकाऔँ :**

- तपाई के प्राप्त गर्न चाहनु हुन्छ ?
- तपाईँ सबैभन्दा बढी के गर्न चाहनु हुन्छ ?
- तपाईँलाई सबैभन्दा बढी आवश्यकता केको छ ?
- यसलाई किन्न तपाईँ कत्तिको चाहनु हुन्छ ?
- तपाईँसँग यसलाई किन्ने पैसा छ ?
- यो पैसा तपाईँ कसरी प्राप्त गर्नु हुन्छ ?

**यी प्रश्नहरूका उत्तर स्वरूप आम्दानीबाट बचत गर्ने र आवश्यक कार्यमा मात्र खर्च गर्ने निश्कर्षमा विद्यार्थीहरूलाई पुऱ्याउँनुहोस् ।**

| पाठ शीर्षक : | **प्रयोगात्मक कार्य** |
|---|---|

**क्रियाकलाप नं ३९ : बैंकिङ कारोबार (सिमुलेसन कार्य)**

**समय** : विदाको दिन



**पूर्व तयारी :**

प्रयोगात्मक कार्य गर्नका लागि पाठमा तोकिएका कागजात तथा उपकरणहरूको व्यवस्था गरिराख्नुहोस्। सम्पर्क गर्नु पर्ने संस्थासँग समन्वय गर्ने काम गरिदिनुहोस्।

**प्रक्रिया :**

- प्रयोगात्मक कार्य गर्नु भन्दा पहिला गर्नुपर्ने कार्यहरू गर्न लगाउनुहोस्। यसका लागि कार्य योजना पनि बनाउन लगाउनुहोस्।
- प्रयोगात्मक कार्य भइरहँदा स्टल सञ्चालन र सही तरिकाले कारोबार गर्ने गराउने तर्फ आफैँ लागि परेर सहयोग गर्नुहोस्।
- विद्यालयका प्रधानाध्यापक, शिक्षक, विद्यार्थी, विव्यस, शिक्षक अभिभावक सङ्घ, बालक्लब आदि सबैलाई प्रयोगात्मक कार्यमा समावेश गराउनुहोस्।
- प्रयोगात्मक कार्य सञ्चालन गर्ने तरिका पाठमा सविस्तार दिइएको छ । यसलाई अध्ययन गरेर कार्यक्रम सम्पन्न गराउनुहोस्।
- आवश्यकतानुसार आफू पनि संलग्न भई विद्यार्थीहरूलाई पूर्व अभ्यास पनि गराउनुहोस्।
- तोकिएको ढाँचामा प्रतिवेदन तयार गर्न लगाई समीक्षा गर्नुहोस्। त्यसलाई पुस्तकको रूपमा तयार गरी विद्यालयको पुस्तकालयमा राख्ने व्यवस्था मिलाउनुहोस्।

**यो पनि जानि राखौँ :**

| मूल्यमा गणना गरिने कार्यहरू | मूल्यमा गणना नगरिने कार्यहरू |
|---|---|
|  |  |

**पाठ शीर्षक :** # योजना तर्जुमा

**परिचय :**

योजना व्यक्तिगत र सामूहिक दुवै किसिमका हुन सक्छन् । यहाँ सामूहिक योजना निर्माण तथा कार्यान्वयनमा जोड दिइएको छ । यसरी हामीले बनाएको सामूहिक योजनाबाट पाठ सिकेर व्यक्तिगत यो जना पनि बनाउन सकिन्छ । सामूहिक योजना निर्माण गर्दा आफ्नो क्षमता, परिवेश, सम्भाव्यता, बजार अध्ययन आदिलाई मध्यनजर गर्दै योजना छनोट गर्नुपर्छ । यस्तो योजनाबाट सामाजिक सुधार र सानोतिनो आम्दानी हुनु पर्ने कुरालाई ख्याल गर्नुपर्छ । सामूहिक योजनामा सबैको बराबर दायित्व हुन्छ । यी सबै कुराहरूलाई ख्याल गरेर सामूहिक योजनाका माध्यमबाट व्यक्तिगत योजना बनाई भविष्यमा व्यवसाय सञ्चालन गर्न सहयोग पुगोस भन्ने हेतुले यस पाठलाई यस सामग्रीमा समावेश गरिएको छ ।

**उद्देश्य : यस पाठको अन्त्यमा विद्यार्थी निम्न कार्य गर्न सक्षम हुनेछन् :**

- योजनाको परिभाषा बताउन,
- योजनाका पक्षहरू पहिचान गर्न,
- योजना निर्माणको खाका तयार गर्न ।
- सामाजिक परियोजना कार्य सञ्चालन गर्न ।

**सामग्री** : मेटाकार्ड, साइनपेन, मार्कर, न्युजप्रिन्ट, टेप, पन्चिङ मेसिन, धागो आदि ।

**क्रियाकलाप नं : ४० योजना माला**

**समय** : १० मिनेट

**पूर्व तयारी :**

योजनाको परिभाषा र चक्रमा अभ्यास गरिराख्नुहोस् । कुनै आकर्षक आकृतिमा १५ ओटा जति मेटाकार्ड काटिराख्नुहोस् । पन्चिङ मेसिन र धागो पनि तयार गरिराख्नुहोस् ।

**प्रक्रिया :**

- योजनाको परिभाषा र चक्रलाई प्रष्ट पार्नुहोस् ।
- विद्यार्थीलाई चार समूहमा राख्नुहोस् ।
- एउटा समूहलाई योजना, अर्कोलाई कार्यान्वयन, तेस्रोलाई अनुगमन/मूल्याङ्कन र चौथोलाई परि भाषा लेख्नलाई आवश्यक मेटाकार्डहरू दिनुहोस् ।
- एउटा मेटाकार्डमा योजना र यसको चक्र लेखी मालामा उन्न लगाउनुहोस् । त्यसपछि क्रमश : समूहहरूले लेखेका मेटाकार्डहरू उनेर माला बनाउन लगाउनुहोस् ।
- मालालाई भित्तामा राखेर आ आफ्नो समूहले लेखेको पढेर सुनाउन लगाउनुहोस् ।
- योजना भन्नाले बजेट योजना पनि हो । कुनै कार्यक्रमको योजना बनाउँदा यसलाई चाहिने बजेटको योजना अनिवार्य हुन्छ भन्ने कुरा प्रष्ट पार्नुहोस् ।

**क्रियाकलाप नं ४१ आफ्नै योजना, आफ्नै काम**

**समय** : २५ मिनेट

**पूर्व तयारी :**

समूहलाई दिने कामहरूको पूर्व तयारी गरिराख्नुहोस् । समूहहरूलाई योजना बनाउन लगाउने शीर्षक कुन-कुन उपयोगी हुन सक्छन् ? छनोट गरी राख्नुहोस् । योजनाको ढाँचालाई पनि अध्ययन गरिराख्नुहोस् ।

एउटा न्युजप्रिन्टमा योजनाको ढाँचा लेखेर राख्नुहोस् ।

**प्रक्रिया :**

- विद्यार्थीलाई पाँच समूहमा बस्न सहयोग गर्नुहोस् ।
- सामग्रीमा दिए अनुसार काम गर्ने शीर्षकहरू बाँडिदिनुहोस् ।
- योजनाको ढाँचा लेखेको न्युजप्रिन्ट सबैले देख्ने गरी भित्तामा टाँसिदिनुहोस् ।
- योजना छनोट गर्ने काममा सहयोग गर्नुहोस् ।
- कार्यक्रम र बजेट दुवै पक्षको योजना बनाउनुपर्ने कुरा प्रष्ट्याउनुहोस् ।
- समूहहरूले योजना निर्माण गर्दा अवलोकन गरेर सुझाव दिनुहोस् ।
- ठुलो समूहमा पालैपालो प्रस्तुत गर्न लगाउनुहोस् ।
- बनाएको योजनालाई परिस्थिति अनुसार कार्यान्वयनमा ल्याउन उत्प्रेरित गर्नुहोस् ।
- विद्यालयमा फुलबारी निर्माणका लागि योजनाको ढाँचा प्रयोग गरी परियोजनाको एउटा नमुना तयार पार्न लगाउनुहोस् ।

**क्रियाकलाप नं ४२ : सेभेनअप खेलौं**

**समय** : १० मिनेट

**पूर्व तयारी** : सेभेनअप खेलको नियम जानिराख्नुहोस् । न्युजप्रिन्टमा खेलका लागि चाहिने १६ ओटा शीर्षकहरू लेखेर राख्नुहोस् ।

**प्रक्रिया :**

- विद्यार्थीहरूलाई गोलो घेरामा उभ्याउनुहोस् ।
- शीर्षकहरू लेखिएको न्युजप्रिन्ट सबैले देख्ने गरी भित्तामा टाँस्नुहोस् ।
- खेलको नियम बताउनुहोस् ।
- पहिलो पटक खेल को बाट सुरू गर्ने तय गर्नुहोस् ।
- खेलको क्रममा बाहिरिने विद्यार्थीलाई क्रमशः १ देखि १८ सम्मका शीर्षकहरू सम्बन्धी जानकारीहरू बताउन लगाउनुहोस् ।
- खेल सकेर समीक्षा गर्नुहोस् ।

**पढौँ र पढाऔँ :**

मानिसको आवश्यकताका तहहरू

**पहिलो तह (शारीरिक)** : स्वासप्रश्वास, खाना, पानी, आवास, कपडा

**दोस्रो तह (सुरक्षा)** : रोजगारी, स्रोत, परिवार, स्वास्थ्य र सम्पत्ती

**तेस्रो तह (सामाजिक)** : मित्रता, पारिवारिक सुख, माया ममता, सामाजिक संलग्नता

**चौथो तह (अहम)** : शक्ति, विश्वास, उपलब्धि, सम्मान

**पाँचौ तह (आत्मसन्तुष्टि)** : सिर्जनशीलता, क्षमताको उच्चतम उपयोग

**पाठ शीर्षक :** # उद्यमशीलता

**परिचय :**

व्यवसाय सञ्चालन गर्नु पूर्व बजार व्यवस्थापन सम्बन्धी कुराहरूमा विचार पुऱ्याउनु आवश्यक हुन्छ । उत्पादन गरिने वस्तु, उत्पादन स्थल, वस्तु खरिद गर्ने मानिस सम्बन्धी कुराहरू व्यवसायीले सोच्नु पर्छ । मूल्य निर्धारण र विक्रीका लागि प्रचार प्रसार गर्न पछि पर्नु हुँदैन । उत्पादन सम्बन्धी योजना समय सापेक्ष बनाउनु पर्छ । व्यवसाय छनोट गर्दा विकल्पहरू समेत लिएर अवसरको लेखाजोखा गर्नु आवश्यक हुन्छ । उत्पादन गर्ने लक्ष्य निर्धारण गर्नु पूर्व पुरक कार्यक्रम र उत्पादनको अनुमान पहिले नै यकिन गर्नुपर्छ। व्यवसाय गर्नका लागि आर्थिक स्रोत अपरिहार्य हुन्छ। यसका लागि पहिले नै बजेट व्यवस्थापन गर्नु अपरिहार्य हुन्छ । जीवन निर्वाहका लागि सबैले कुनै न कुनै व्यवसाय गर्नै पर्ने हुन्छ । माध्यमिक तहबाटै व्यवसाय सम्बन्धी यी आधारभूत कुराहरूमा अभ्यास गराउने हेतुले यो पाठ यहाँ समावेश गरिएको हो ।

**उद्देश्य : यस पाठको अन्त्यमा विद्यार्थी निम्न कार्य गर्न सक्षम हुनेछन् :**

- व्यवसाय गर्नु पूर्व बजार अध्ययन गर्नु पर्छ भन्ने मनन गर्न,
- उद्यमका सूचकहरू पहिचान गर्न,
- आफूलाई उपयुक्त हुने व्यवसाय छनोट गर्न ।

**सामग्री :** मेटाकार्ड, साइनपेन, मार्कर, न्युजप्रिन्ट, टेप आदि ।

**क्रियाकलाप नं. ४३ : संवाद**

**समय :** २५ मिनेट

**पूर्व तयारी :** संवादका सन्देशहरू थाहा पाइराख्नुहोस् । उद्यमका सूचकका बुँदाहरूमा पुनरावृत्ति गरिराख्नुहोस् ।

**प्रक्रिया :**

- विद्यार्थीलाई चार समूहमा विभाजन गर्नुहोस् ।
- प्रत्येक समूहका दुई-दुई जनालाई आ-आफ्नो समूहमा संवादको अभिनय गर्न लगाउनुहोस् ।
- समूहहरूले व्यवसाय सञ्चालन सम्बन्धी विचार पुऱ्याउनै पर्ने कुराहरूमा छलफल गरे नगरेको अवलोकन गरी सुझाव दिनुहोस् ।
- सबै सूचकहरू र पुस्ट्याइ उल्लेख गरेपछि पालैपालो प्रस्तुत गर्न लगाउनुहोस् ।
- दिइएका उद्यमका सूचकहरूको प्राथमिकता क्रम निर्धारण गर्न लगाउनुहोस् ।

**क्रियाकलाप नं ४४ : व्यवसाय रोजौं**

**समय :** ४५ मिनेट

**पूर्व तयारी :**


विद्यार्थी सिकाइ सामग्री अध्ययन गर्नुहोस् । क्रियाकलापको सञ्चालन प्रक्रिया एक पटक अध्ययन गर्नुहोस् ।

**प्रक्रिया :**

- विद्यार्थीहरूलाई तिन समूहमा बाँड्नुहोस् ।
- विद्यार्थीका परिवेशमा सञ्चालन गर्न सकिने उद्यमहरूको सूची तयार पार्न लगाउनुहोस् । स्थानीय

परिवेशमा सञ्चालन गर्न सकिने अरू उद्यमहरू बारेमा जानकारी दिनुहोस्।

- उद्यमहरूको यो सूची बारेमा पनि जानकारी गराउनुहोस् :




- प्रत्येक समूहलाई उनीहरूले तयार पारेको सूची, तपाईंले जानकारी दिइएका उद्यमहरू र यी डोरीहरूमा अवस्थित व्यवसायहरू मध्ये एक एक ओटा छान्न लगाउनुहोस्।
- प्रत्येक समूहलाई आफूले रोजेका उद्यमका सूचकहरू न्युजप्रिन्टमा तयार गर्न लगाउनुहोस्।
- यसै गरी उद्यम सञ्चालनको कार्यक्रम पनि बनाउन लगाउनुहोस्।
- सबै समूहलाई पालैपालो प्रस्तुत गर्न लगाउनुहोस्।
- समूह प्रस्तुतीकरण पश्चात् पृष्ठपोषण प्रदान गर्दै निष्कर्ष बताइदिनुहोस्।
- विद्यालयले सञ्चालन गर्ने सामाजिक, वित्तीय, वित्तीय सामाजिक उद्यम सम्बन्धी जानकारी गराउनुहोस्। यो उद्यम सञ्चालन कार्यक्रम करोडपति बन्ने खालको नभएर व्यवसायप्रतिको मूल्य मान्यता पालन गर्नका लागि लिनुपर्ने जानकारी हो भन्ने कुरा सम्झाउनुहोस्।

**क्रियाकलाप नं ४५ : तातो आलु**

**समय** : २० मिनेट

**पूर्व तयारी** :

बजार हेरौं व्यवसाय गरौं भन्ने पाठबाट धेरै भन्दा धेरै प्रश्नहरू बनाउनुहोस्। एउटा प्रश्न एउटा कागजको

टुक्रामा लेख्नुहोस्। प्रश्न लेखिएका सबै टुक्राहरू एउटा बट्टामा हालेर हल्लाउनुहोस्। बट्टाको मुखमा दुई औंला मात्र छिर्ने प्वाल राखेर मुखको बाँकी भाग बाक्लो कागजले ढाक्नुहोस्।

**प्रक्रिया :**

- विद्यार्थीलाई कक्षा भित्र गोलो घेरामा उभिन लगाउनुहोस्।
- तातो आलु खेलको बट्टा देखाउँदे खेलको नियम बताउनुहोस्।
- एकजना विद्यार्थीलाई स्वयम्सेवकको रूपमा ताली वा मादल बजाउन लगाउनुहोस्। घेरामा रहेका साथीहरूलाई प्रश्न राखिएको बट्टा पास गर्न लगाउनुहोस्।
- मादल वा ताली रोकिँदा बट्टा जसको हातमा पुग्छ उसलाई त्यस बट्टा भत्रिबाट एउटा टुक्रा झिक्न लगाएर त्यसमा भएको प्रष्ट पढ्न लगाई त्यसको उत्तर भन्न लगाउनुहोस्।
- उत्तर भन्नेलाई गोलो घेरा बाहिर बस्न लगाउनुहोस्।
- यसरी नै पालैपालो बट्टा पाउने विद्यार्थीलाई प्रश्न पढ्न र उत्तर भन्न लगाउनुहोस्।
- सबै विद्यार्थीको पालो नुपुगेसम्म तातो आलु खेल खेल्न लगाउनुहोस्।

**आम्दानीका स्रोतहरु जानि राखौं**

**श्रम तथा सेवा बिक्रीबाट हुने आम्दानीहरू :** दैनिक ज्यालादारी, मजदुरी, जागिर, उपदान, पेन्सन आदिबाट आर्जन गरिने।

**सम्पत्तीबाट प्राप्त हुने आम्दानी :** बैंकबाट प्राप्त हुने ब्याज, सेयरबाट प्राप्त हुने लाभांश, भाडा, जग्गा जमिन, घर आदिबाट प्राप्त हुने आम्दानी।

**व्यवसायबाट प्राप्त हुने आम्दानी :** पूँजी लगानी गरेर हुने आम्दानीहरू जस्तै कुनैपनि व्यवसाय, उद्योग, व्यापार आदि।

**हस्तान्तरणबाट प्राप्त हुने आम्दानी :** पैतृक सम्पत्ती, चिट्ठा, उपहार आदिबाट हुने आम्दानी।

**मौन आकृति (Image theatre) प्रस्तुतीकरण**

**सामाजिक तथा वित्तीय शिक्षण सिकाइमा यो विधि पनि प्रयोग गरौं :**

विद्यार्थीहरूलाई आफ्ना विचार, भावना र बुझाइहरू थोरै समयमा रमाइलो तरिकाले प्रस्तुत गर्ने साधनको रूपमा लिइन्छ। यसलाई सजिलैसँग कुनै सामग्री विनानै प्रस्तुत गर्न सकिनु यसबाट हुने फाइदा हो। हुन त शिक्षण सिकाइको यो तरिका जुनसुकै विषय शिक्षणमा पनि प्रयोग गर्न सकिन्छ। तर सामाजिक तथा वित्तीय शिक्षाका पाठहरू सम्बन्धी क्रियाकलाप गराउन यो तरिका अझ प्रभावकारी हुन्छ। सबै विद्यार्थीले उत्तिकै मात्रामा बोलेर वा लेखेर आफ्ना भावना प्रष्ट पार्न सक्दैनन्। उनीहरूका विचारलाई शारीरिक हाउभाउले देखाउने स्वीकृति दिएमा उनीहरूले रमाइलो हुने गरी प्रस्तुत गर्न सक्छन्। यसमा उनीहरूका मौन भाषामा अनुभूति र सोच विचारहरूको वास्तविक्ता प्रस्तुत हुन्छ। यिनै कुराहरूलाई मध्यनजर राखेर शिक्षकहरूले यसका तरिकाहरूमा विद्यार्थीलाई अभ्यास गराउनु राम्रो हुन्छ।

निम्नानुसारका आकृतिहरू बनाएर देखाउन लगाई आफ्ना सोच र अनुभूति प्रस्तुत गर्न लगाउनुहोस् :

बच्चालाई काखमा लिएर माया गरिरहेकी आमा, विद्यालयमा बाल अधिकार हनन् भएको दृश्य, बाल केन्द्रित शिक्षण सिकाइको दृश्य, शिक्षक केन्द्रित शिक्षण सिकाइको दृश्य, बैंक कारोबार गरिरहेका कर्मचारी र ग्राहक, बाल क्लबमा काम गर्ने निर्देशन दिइरहेको विद्यार्थी, मैले खाएँ तिमी पनि खाऊको दृश्य, मेरो घर यहाँ तिम्रो घर कहाँ, लैङ्गिक विभेद।

पाठ शीर्षक : **विद्यालय उद्यम सञ्चालन**

**परिचय :**

विद्यार्थीमा उद्यमप्रति सकारात्मक भावना जगाउन र उनीहरूमा यस सम्बन्धी सिप विकास गराउनका लागि विद्यालय स्तरमै सामाजिक, वित्तीय तथा वित्तीय सामाजिकमध्ये कुनै एउटा उद्यम सञ्चालन गर्नुपर्छ । यसका लागि निम्नानुसारका प्रश्नावलीहरूमा विद्यार्थीसँग छलफल गरी कुन उद्यम छनोट गर्दा सबै प्रश्नहरूको सकारात्मक उत्तर आउँछ त्यसैलाई छनोट गरेर योजना बनाई कार्यान्वयनमा ल्याउनुहोस् ।

१) उद्यमको पहिचान गरी,समुदाय र विद्यालयमा यसको आवश्यकता र अवसर छ की छैन भन्ने कुरा कसरी यकिन गर्नु हुन्छ ? त्यसको आवश्यकता छ भन्ने कुरा कसरी निधारण गर्नु हुन्छ ? उत्पादनको विक्री वितरण कहाँ गर्नु हुन्छ ? (यदि वित्तीय उद्यम हो भने)

२) के त्यहाँ प्रतिस्पर्धा हुने छ ? के पहिले देखिनै अरू कोहि त्यस्तै काममा लागिरहेका छन् । वास्तवमा भन्नु पर्दा यस्ता प्रतिस्पर्धाहरू के के हुन सक्छन् ?

३) बालबालिका, विद्यालय र समुदायलाई यस उद्यमले के के फाइदा हुन्छ ? यसको सफलतालाई कसरी मापन गर्नु हुन्छ ?

४) विद्यालय र समुदायको यस परियोजना प्रति कस्तो दृष्टिकोण छ ? तपाईं यसमा कसरी निश्चित हुनु हुन्छ ?

५) यसका लागि बालबालिकालाई सहयोग गर्न सक्ने व्यक्तिहरू को को हुन सक्छन् ?

६) विरोध कहाँ कहाँबाट हुन सक्छ ? त्यस उद्यमले समुदाय अथवा विद्यालयमा कोही मानिसलाई दुःखी पार्न सक्ने जोखिम छ ?

७) उद्यम शुरू गर्न कति पैसा चाहिन्छ ? यो कहाँबाट प्राप्त गर्नु हुन्छ ?

८) अन्य कुन कुन सेवा र सामग्रीको आवश्यकता पर्छ । कहाँबाट यस्ता सेवा र सामग्री प्राप्त गर्न सकिन्छ ?

९) उद्यम सञ्चालनका लागि योजना र बजेट बनाउनु पर्छ ?

१०) उद्यम असफल भएमा बचत गरेको रकम समेत गुम्ने सम्भावनाबारे समूहका सबै साथीहरूको विचार लिनु भएको छ ? उहाँहरूसँग यस सम्बन्धमा कसरी छलफल गर्नु हुन्छ ?

११) उद्यमले नाफा कमायो भने यसबाट के गर्नु हुन्छ ? यसो गर्न सबै सहभागीहरू मञ्जुर हुनु हुन्छ भन्ने कुरा कसरी निश्चित गर्नु हुन्छ ?

१२) आफ्नो उद्यमबाट नकरात्मक असर हुने छैन भन्ने कुरामा विश्वास दिलाउन के कस्ता उपायहरू अवलम्वन गर्नु हुन्छ ?

१३) तपाईंका उद्यमले पार्न सक्ने वातावरणीय असर बारेमा विचार पुऱ्याउनु भएको छ ?

१४) तपाईंका उद्यमले अरूका हक र अधिकार हनन् त गर्दैन ? गर्दैन भन्ने विश्वास दिलाउन केही उदारणहरू दिनुहोस ।

१५) तपाईंका उद्यममा लैङ्गिक समानतालाई कसरी सम्बोधन गरिएको छ ? उदारणहरू दिनुहोस् ।

१६) कति जना बालबालिकाको सहभागिता रहने छ ? उनीहरूले के कस्तो भूमिका निर्वाह गर्नुपर्छ ?

१७) विद्यार्थी र शिक्षकको अग्रसरता कस्तो रहन्छ ? अग्रसरता सम्बन्धी पुष्ट्याँई कसरी गर्नु हुन्छ ?

शिक्षकले आफ्नो भूमिकालाई न्यून राखी विद्यार्थीलाई नै अग्रसर गराउन, उनीहरूको विचार र निर्णयलाई कदर गर्न तथा उनीहरूलाई सल्लाह र सुझाव प्रदान गर्न के कस्ता कदम चाल्नु हुन्छ ?

**क्रियाकलाप नं. ४६**

यी प्रश्नहरूमा छलफल गरिसकेपछि विद्यालयको उद्म छनोट गरी निम्नानुसारका आधारहरू अपनाएर यसको योजना बनाउनुहोस् ।

## योजनाको ढाँचा

योजनाको नाम :

१. परिचय :

२. उददेश्य :

३. समयावधि :

४. आवश्यक सामग्रीहरू :

५. जिम्मेवारी बाँडफाँड :

६. सहयोगी व्यक्ति/निकाय :

७. सञ्चालन प्रक्रिया :

८. बजेट व्यवस्था :

| क्र.स. | क्रियाकलाप | लाग्ने खर्च |
|---|---|---|
| | | |
| | | |
| | | |
| | | |

९. अनुगमन :

१०. मूल्याङ्कन :

सन्दर्भ सामग्री :


१. Aflatoun Training Manual - Teacher Training Institute Version

२. Affateen Manual in Partnership with the Master Card Foundation

३. The Aflatoun Series - Book 6, 7, 8

४. Think Money for Elementary School Students and Middle School Students

५. बाल संरक्षण - World education

६. Gender and Relationship - Common Wealth Secretariat

७. पारिवारिक आर्थिक योजना, World Education

८. विद्यालय व्यवस्थापन तालिम (स्रोत सामग्री) - NCED

९. शैक्षिक प्रबद्र्धन, CEIR Nepal

१०. Skills for Health - The World Health Organization

११. विद्यालयमा बाल अधिकार संरक्षण र सम्बद्र्धन - CWISH

१२. बजार व्यवस्थापन - World Education

१३. महिला तथा बालबालिकामाथि हुने हिंसा विरूद्ध आधारभूत कानुनी सूचनाहरू - UNICEF

१४. जीवनोपयागी सिप शिक्षक प्रशिक्षण निर्देशिका - NCED

१५. शिक्षामा लैङ्गिक समानताको प्रबद्र्धन - एसिया प्रशान्त क्षेत्रमा शिक्षामा लैङ्गिकता सञ्जाल (जेनिया)

१६. बालमैत्री विद्यालय - बाल केन्द्रित सिकाइ प्रक्रिया, शिक्षक स्रोत सामग्री - NCED

१७. किशोर किशोरीको समग्र विकासको लागि राष्ट्रिय कार्य योजना - राष्ट्रिय योजना आयोग

१८. Social and Financial Skill Package - UNICEF Adept Section

१९. वित्तीय साक्षरता तालिम पुस्तिका - Mercy Corps

२०. वित्तीय साक्षरता तालिम निर्देशिका - नेपाल राष्ट्र बैंक

२१. विद्यार्थीसँग नेपाल राष्ट्र बैंक - नेपाल राष्ट्र बैंक